ISSN 2091-1629

गौरी मासिक

GAURI MASIK

वर्ष २०, अङ्क ६, २०८१ फागुन, पूर्णाङ्क २२६

मूल्य रु. ४५/-

निरन्तर २२६ औं अङ्क

भगवान् शिव

पुम्दीकोट, पोखरा, कास्की

फागुन ७ देखि १४ गतेसम्म चिम्टेश्वर जाऔं
पुण्य आर्जनसँगै आन्तरिक पर्यटनलाई प्रवर्द्धन गरौं !
हार्दिक आमन्त्रण
श्रीमद्भागवत धान्याञ्चल विराट ज्ञान यज्ञ २०८१
कार्यक्रमहरू:-
◆ २०८१/११/०७ गते पूर्वाङ्ग तथा शोभा यात्रा
◆ २०८१/११/०७ देखि १४ गते सम्म पाठपारायण तथा प्रवचन
◆ २०८१/११/१४ गते रूद्राभिषेक, शिव महिमा सहितको विशेष प्रवचन
◆ २०८१/११/१४ गते साँझ द्वीप प्रज्वलन, रातभर भजन किर्तन र जाग्राम
◆ २०८१/११/१५ गते पूर्णाहुति तथा समापन समारोह ।
पं. नारायण न्यौपाने 'कृष्णाचरणामृत'
प्रमुख वाचक
चिम्टेश्वर विकास समिति तथा महायज्ञ आयोजक मूल समारोह समिति,
बेलकोटगढी, नुवाकोट

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.ः ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २०, अङ्क ६, २०८१ पूर्णाङ्क २२६

फागुन २०८१

बिहिबार	१	८	१५	२२	२९
शुक्रबार	२	९	१६	२३	३०
शनिवार	३	१०	१७	२४	गौरी
आइतवार	४	११	१८	२५	गौरी
सोमबार	५	१२	१९	२६	गौरी
मङ्गलबार	६	१३	२०	२७	गौरी
बुधबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।
कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७,
९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

अनि श्रीकृष्णले यो चानचुने युद्ध हैन । त्यसैले युद्ध हुनुभन्दा पहिले नै यहाँ टाउको बलि चढाउनु पर्ने हुन्छ । तिमी सक्छौ भन्दा उसले सहजै हुन्छ भनी स्वीकार गर्यो। तर महाभारतको युद्ध हेर्ने इच्छा छ भनेपछि श्रीकृष्णले बलि दिएको टाउको पर्वतको टाकुरोमा राखिदिने वचन दिनुभयो ।

महाभारतको युद्ध सकियो । कसको कारणले युद्ध जिते भन्ने वहसमा बर्बरीक साक्षीका रूपमा रहेको थियो र उसले त्यो सम्पूर्ण लीला भगवान् श्रीकृष्णले गर्नुभएको र उहाँकै सुदर्शन चक्रले शत्रुका सेनासहित सबै सोत्तर भएको बतायो ।

(बर्बरीकको यो प्रसङ्ग सामाजिक सञ्जालबाट लिइएको हो ।)

महर्षि वेदव्यासको जन्म

कुनै समयमा उपरिचर नामका एकजना राजा थिए । एकदिन उनी शिकार खेल्न भनेर जङ्गल गए । राजा जङ्गल गएपछि दरबारमा रहेकी उनकी पत्नी गिरिका रजस्वला भइछन् । आफू रजस्वला भएको खबर रानीले घरमा पालेर राखेको चराको माध्यमबाट राजालाई पठाइन् । समाचार पाउने बित्तिकै राजाले आफ्नो वीर्य निकालेर पातमा पोको पारी त्यही चरासँग रानीका लागि भनेर पठाइदिए । चरा त्यो पातको पोको लिएर रानीलाई पुऱ्याउन भनेर दरबारतर्फ उड्यो । बाटोमा एउटा शिकारी चराले उसलाई आक्रमण गरेकोले त्यो पातको पोका यमुना नदीमा खस्न पुग्यो । त्यो पोकालाई नदीमा रहेको एउटा माछाले निल्यो । खासमा त्यो माछा कुनै बेला अत्यन्त सुन्दरी अप्सरा थिई । तर ब्रह्माजीको श्रापका कारण माछाको चोला लिन पुगेकी थिई । उसले राजाको वीर्य भएको पातको पोका निलेपछि माछारूपी अप्सरा गर्भिणी भई ।

एकदिन माझीले माछा मार्न जाल हान्दा त्यो माझीको जालमा पर्यो । त्यतिखेर त्यो माछाको गर्भ भने पूर्ण महिना भैसकेको थियो । माझीले माछालाई जालबाट बाहिर निकाल्यो र त्यसको पेट चिरेर हेर्दा त त्यहाँ एउटा बालक र अर्की कन्या भेट्टायो । त्यो देखेर माझी आश्चर्यमा पर्यो । अनि बालक र कन्या दुवैलाई लिएर तुरुन्तै राजा उपरिचर कहाँ पुग्यो । पुत्र नभएकाले राजाले बालकलाई आफ्नो छोरा बनाएर राख्ने निर्णय गरेसाथै खुसी भएर राजाले माझीलाई उचित पुरस्कार दिए । पछि त्यो बालकको नाम मत्स्यराज राखिदिए । बालिका भने माझीले नै लगेर पालनपोषण गर्यो । ती कन्याको शरीरबाट माछाको गन्ध आउने भएकोले माझीले कन्याको नाम मत्स्यगन्धा राखिदियो ।

बालिका दिन प्रतिदिन ठूली हुँदै गइन् । बाबुको पेशालाई उनले पनि स्वीकार गरी डुङ्गा चलाउन थालिन् । एकदिन पराशर ऋषि उनकै डुङ्गामा बसेर नदी पार गर्दै थिए । मत्स्यगन्धा अत्यन्तै रूपवती थिइन् । मत्स्यगन्धाको लावण्य देखेर ऋषि मोहित भए । ऋषिको मनमा मत्स्यगन्धाप्रति आशक्ति बढ्यो । अनि ऋषिले मत्स्यगन्धासित शारीरिक सम्पर्क राख्ने प्रस्ताव गरेपछि उनले भनिन्– "म माझीकी पुत्री हुँ । मेरो शरीरबाट माछाको गन्ध आउँछ । तपाइँ सम्पूर्ण विद्याबाट पारङ्गत ऋषि, यो कसरी सम्भव होला र ?"

मत्स्यगन्धाको यस्तो कुरा सुनेर ऋषिले आफ्नो योगबलले उनको शरीरबाट तुरुन्त गन्ध हटाई सुवासयुक्त बनाइदिए र भने– "हे सुन्दरी ! आजदेखि तिम्रो नाम मैले सत्यवती राखिदिएँ । यसै नामबाट तिमी लोकमा प्रख्यात हुनेछौ ।" ऋषिको वरदान पाएर माझीपुत्री अत्यन्त खुसी भइन् । ऋषि पराशरको संसर्गबाट उनले एउटा दिव्य छोरा जन्माइन् । ती छोराले जन्मनेबित्तिकै आफ्नी आमालाई– "हे माता ! मलाई सांसारिक मोह जालमा बस्ने चाहना छैन । त्यसकारण म जङ्गलमा ऋषिहरूको सानिध्यमा रहेर ज्ञान हासिल गर्न जान्छु । तपाईलाई कुनै अप्ठेरो परेमा मलाई सम्झिनुहोला, त्यतिबेला म तुरुन्त हाजिर हुनेछु ।" यति भन्दै उनी त्यहाँबाट हिँडे । जन्मनेबित्तिकै आफै हिँडेर जङ्गलतिर लागेको देखेर सत्यवतीले अचम्म मानिन् ।

क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा– ३ तान्द्राङ, गोरखा

सम्पादकीय

पशुपतिमा पर्व व्यवस्थापन

फागुन कृष्ण चतुर्दशीको रात्रिलाई महाशिवरात्रिको रूपमा मनाइने चलन छ । यस वर्षको महाशिवरात्रि यही चौध गते परेको छ । शिवरात्रि भगवान् शिवको अत्यन्त प्रिय रात्रि हो । यस तिथिमा गरिएको व्रतोपासनाबाट भगवान् शिव अत्यन्तै प्रसन्न हुनुहुन्छ भन्ने धार्मिक विश्वास छ । त्यसैले यस दिन भगवान् पशुपतिनाथ लगायत अन्य शिवालयहरूमा दर्शन र पूजनको निम्ति शिवभक्त भक्तजनहरूको ठूलो घुइचो लाग्ने गर्दछ ।

पशुपतिनाथमा शिवरात्रिमा लाग्ने मेला संभवतः काठमाडौं उपत्यकामै लाग्ने सबैभन्दा ठूलो मेला हो । यस दिन देश विदेशबाट लाखौं भक्तजनहरू भगवान् पशुपतिनाथको दर्शनार्थ आउने गर्दछन् । शिवरात्रिमा भगवान् पशुपतिनाथकै दर्शन गर्न हजारौं साधुसन्त महन्त एवम् नागा बाबाहरूको पनि आगमन हुने गर्दछ । यस दिन दर्शनार्थीहरूको अतिरिक्ति स्वदेशी एवम् विदेशी पर्यटकहरूको समेत उल्लेख्य उपस्थिति हुने गर्दछ ।

पशुपतिनाथ दर्शनार्थ ठूलो संख्यामा साधुसन्त एवम् अन्य भक्तजन आउने भएकोले यसको व्यवस्थापनको मुख्य जिम्मेवारी पशुपति क्षेत्र विकास कोषको नै हो । कोषले कुशल नेतृत्व गर्ने हो भने महाशिवरात्रलाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न साधन र श्रोतको कुनै कमी हुँदैन । पशुपतिनाथको मन्दिरमा लाग्ने महाशिवरात्रि मेलामा तन, मन र धनले सहयोग गर्ने भक्तजनहरू प्रशस्त छन् । विगतका वर्षहरूमा करोडौं मूल्य खर्चेर पुष्प सजावट गरेका र भक्तजनहरूका भोजन भण्डारामा लाखौं खर्च गरेको इतिहास छ ।

अन्तमा, महाशिवरात्रि पर्वमा भक्तजनहरूलाई भोजन, आवास, स्वास्थ्योपचार, सरसफाइ लगायत हरेक आयाममा सहयोग गर्न चाहने व्यक्ति या संस्थालाई कोषले प्रोत्साहन गर्नु जरुरी छ । विगत लामो समयदेखि निश्वार्थ रूपमा भगवान्को सेवामा समर्पित श्रद्धालु भक्तहरूको सेवालाई निरन्तरता दिइनुपर्दछ । अस्तु,

यसभित्र

अविच्छिन्न		
श्रीमद्भागवत महापुराण		२
सम्पादकीय		३
कविता		
कर्मस्तुति	डा. बद्री पोखरेल	४
समसामयिक		
शिवसूत्र	सहप्रा. डा. विनुबाबा अर्याल	५
समयसन्दर्भ		
शिवरात्रि किन....	हरिप्रसाद सोडारी	९
विशेष		
पशुपति ज्योतिर्स्तम्भ	मनोजकुमार ढुङ्गााना	१२
आध्यात्मिक वार्ता		
सिंतिको ब्राह्मसमाज	श्रीमहेन्द्रनाथ गुप्त श्री'म'	१८
इतिहास		
पशुपतिका भण्डारीहरू.	शङ्करमान भण्डारी	२१
संस्कार		
श्रीगण्डकी शत......	भागवतश्री न्यौपाने	२५
स्वास्थ्य		
योगः मानव.....	पं. मधुसूदन सुवेदी	२९
गतिविधि		३४

कर्मस्तुति

– डा. बद्री पोखेल

अकर्मी बन्न नपरोस् कर्ममा सिद्धि मिल्दछ
मेहनती नबनेसम्म पाइन्न खान बस्न त
सधैं निहुरिदा मात्र मान सम्मान मिल्दछ
घमण्डीले सधैं दण्ड गाली हप्की त पाउँछ ।

वाँचौं समाजको लागि गरौं स्मृति हुने कुरा
जन्म मृत्यु घुमिरन्छ दृश्य-चक्र घुमिरदा
हुनूपर्छ सुसंस्कारी गर्नूपर्छ परं जय
नीच दुष्ट हुनेले तपाउँनेछ पराजय ।

आफु नाङ्गो भई वृक्ष कति शीतल छर्दछ
आफु नम्र भई ज्ञानी आफैंलाई सिंगार्दछ
श्रद्धा पाउँन अर्काको श्रद्धा नै गर्नुपर्दछ
साधकी विनयीले धर्तीमा मान पाउँछ ।

शिवको भक्तिले शान्ति मिल्छ विश्वास गर्नु है
उमाको भक्तिले शक्ति उर्जा–जीवन दिन्छ नै
कुलदेव र पितृको आशिर्वाद कृपा रहे
परलोक र यो लोक दुवैमा विजयी हुने ।

समाज देश सर्वत्र स्तुत्य कर्म गरी मरौं
कुल–नक्षत्र बन्नेले उत्कृष्ट कर्म क्यै गरौं
पाइन्न जन्मले शोभा कर्म नै गर्नुपर्दछ
कर्मण्येवाऽधिकारस्ते सधैं नै सोच्नुपर्दछ ।❖

–चावहिल, काठमाडौं

शिवसूत्र

– सहप्रा. डा. विनुबाबा अर्याल

सम्पूर्ण देवताहरूमा महान् साथै सम्पूर्ण देवताका पनि देवता हुनु भएकोले नै भगवान् शिवलाई महादेव भनिएको हो ।

पूज्यते यत्सुरैः सर्वैः महांश्चैव प्रमाणतः ।
धातुर्महेति पूजायां महादेवस्ततः स्मृतः ।

अर्थात्, जसलाई ठूलो मानेर सबै देवदेवताहरूले पूजा गर्दछन् । त्यसलाई महादेव भनिन्छ । देवताहरूभन्दा पनि ठूला भएकाले नै महादेव भनिएको हो । भगवान् शिव नै परब्रह्मपरमात्मा याने सत् चित् आनन्दमय स्वरूपम ब्रह्म हुनुहुन्छ । ब्रह्मको स्वरूप लक्षण बताउने क्रममा उपनिषद्को उद्घोष छ– सत्यंज्ञान अनन्त ब्रह्म । सच्चिदानन्द ब्रह्म । ब्रह्म सत् हो, चित् हो र आनन्द हो । त्यसैकारण परब्रह्म परमात्मा सदा पूर्ण हुनुहुन्छ । वेदमा भनिएको छ– ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

शिव नै पूर्णता या पूर्ण ब्रह्मको द्योतक हो । शिव सर्वज्ञ, सर्वकर्ता, सर्वेश्वर र गुणरहित एवम् मायाद्वारा असंकुचित सच्चिदानन्द स्वरूप ब्रह्म हुनुहुन्छ । यसैले शिव 'पुरूष' हुनुहुन्छ । सत्व, रज र तम तीन गुणबाट सिद्ध हुने मन, बुद्धि र अहंकारले युक्त चित्त शब्दादि गुणकै कारणले प्रकृतितत्त्व बनेको छ । त्यसैले शिवका उपासकहरूले यस ब्रह्माण्डलाई स्त्रीपुरुष रूप या प्रकृतिपुरुष रूप शिवशक्त्यात्मक मानेका छन् । शिव र शक्ति मिलेर नै पूर्ण हुन्छ । जसलाई पूर्ण ब्रह्मको रूप अर्धनारीश्वर भनिन्छ । उहाँ सदा पूर्ण एवम् त्रिकालदर्शी हुनुहन्छ । भूत, वर्तमान र भविष्य तीनै काललाई थाहा पाउनु हुन्छ ।

भगवान् शङ्कर त्रिदेव अर्थात् त्रिगुणात्मक ब्रह्मा, विष्णु र महेश्वरको एकीकृत रूप हुनुहुन्छ । त्यसैले भगवान् महादेवको पूजा गर्नाले तीन वटै देवताको पूजा गरे सरहको फल प्राप्ति हुन्छ भन्ने कुरा शास्त्रहरूले वर्णन गरेका छन् । जसको न आदि छ, न अन्त्य छ, जो अजर, अमर, नित्य, निरन्तर, शाश्वत सनातन छ । निर्गुण, निराकार र सगुण साकार छ । साथै, एकोहं बहुष्यामः भन्ने श्रुतिवाक्य अनुसार एक भएर नै पनि आदिकालदेखि नै अनेक रूपमा विभिन्न नामबाट प्रकट हुनु भएको छ । ब्रह्मा, विष्णु, शिव, गणेश, शक्ति, राम, कृष्ण आदि सबै एकै परब्रह्मपरमात्मा शिवका स्वरूप हुन् ।

शिवपुराणमा आद्योपान्त यिनै ब्रह्मलाई शिवको रूपमा वर्णन गरिएको पाइन्छ । वेद, पुराण, उपनिषद् आदिमा ब्रह्मको नै वर्णन छ, किनकि शिव नै ब्रह्म हुन् । सारा ब्रह्माण्ड ब्रह्ममात्र हो बाँकी सारा झुटो हो । अथवा रूद्रमय वेदले ब्रह्माण्डलाई ब्रह्मामय अथवा रूद्रमय बताएको छ । त्यसैले शिव नै प्रपञ्चस्वरूप हुनुहुन्छ । किनकि परब्रह्मको जुन प्रलयकारी या संहारकारीस्वरूप छ त्यसैको नाम रूद्र हो । यसरी उहाँको एउटा शक्ति रूवाउनको लागि रूद्र र अर्को जगत्को भलाई गर्नमा शिव रूप छ । यसरी एकै देवलाई परस्पर विरोधी नामले पुकारिन्छ ।

हामी प्रतिदिन देख्दछौं कि प्रकृतिको कार्यमा विनाश नै शिव अथवा शुभको कारण बन्दछ । विनाश नभइकन सृष्टि नै हुँदैन । सृष्टिदेखि संहारतर्फ लोकका जीवको सम्पूर्ण इन्द्रिय शिथिल भैसकेको अवस्थामा नविन शरीर दिने मृत्यु कल्याणकारी उपकारी नै ठहरिन्छ । शिव त चैतन्य आत्मा हो, चैतन्य मात्र आफ्नो हुन्छ, आत्मा मात्र आफ्नो हुन्छ, अरू सबै अर्को हुन्छ । आत्माको अर्थ 'आफ्नो'; जो आफ्नो हुन्छ, त्यही आत्मा हो । जब चैतन्य आत्मामात्र मेरो आफ्नो हो भन्ने भाव जागृत भएपछि घर परिवार भित्रै बसेर कर्म गरे पनि भित्र संन्यासले वास गरेको हुन्छ ।

आत्मा कुनै सिद्धान्त हैन, जुन शास्त्रमा पढ्ने र

त्यसलाई मान्ने । आत्मा त अनुभव हो, विश्वास हो । जब विवेक ज्ञानको उदय हुन्छ तव आत्मा बुझ्न सकिन्छ । मायाभन्दा भिन्न तथा मायाको कार्य त्रिविध देहभन्दा पनि भिन्न छ, मायिक सत्ता जड छ तर ऊ शुद्ध चेतन हो । आत्मालाई जान्न चैतन्यलाई बढाउँदै जानु पर्दछ । हामीभित्र रहेको कालो अंगार (गोल) जब सबै जलेर भष्म हुन्छ तव आत्मारूपी प्रकाश प्रकाशित हुन्छ । यसको मतलव प्रतिक्षण आफूलाई होशमा राख्ने, वेहोशमा हैन । आत्माको झलक जीवको जीवनमा देखिन थाल्दछ । म यस्तो, म उस्तो हुँ भन्ने किसिमका भावलाई पूर्ण रूपले हटाएर 'म' को मात्र अभ्यास गर्नुपर्छ । यसले अहं शक्तिमा यति शक्ति आउँछ कि ऊ त्यस्तै बन्न पुग्छ ।

चिन्तन गर्ने तत्वको नाम चित्त हो । यो चित्तलाई जुन वस्तुको प्राप्ति हुन्छ, त्यसैको चिन्तन गरिरहन्छ, राम्रो विचारको चिन्तन भएन भने खराव विचारको चिन्तनको आरम्भ हुन जानेछ । त्यसैले सदा शुद्ध चिन्तनलाई लिइरहँदा आफू आत्मा हो भन्ने वोधलाई बलियो बनाउँछ । तेरो मेरो केही हुँदैन । आत्माले परमात्मालाई अँगालेको हुन्छ । आफ्नो मूल अस्तित्वलाई बुझ्न आफैँले चैतन्यतर्फ लाग्नु पर्दछ । आफ्नो खोजी गर्नु नै परमात्माको खोजी गर्नु हो, आफूलाई जान्नु नै परमात्मालाई जान्नु हो । शिवलाई जान्नु हो ।

शिव प्रकाशका प्रकाश हुन्, ज्योतिका ज्योति हुन् । उनको आदि अन्त्य छैन । उनी संसार, शरीर, मन, मस्तिष्क, इन्द्रिय, प्राणका आधार हुन् । उनैले यो प्राणलाई सञ्चालन गरेका छन् । स्वतन्त्र छन् । उनी स्वयं ज्योतिरूप हुन् । आफ्नै अस्तित्वमा छन्, स्वतन्त्र छन्, बुद्धिभन्दा पर छन् । उनी सत, चित्त आनन्द (अस्तित्व, ज्ञान, मुक्त) छन् । अन्तर्यामी छन् ।

एको देवः सर्वभूतेषु गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा ।
कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी चेताः केवलो निर्गुणश्च ॥

अर्थः प्रत्येक जीवको भित्र गुढ रूपमा चम्किरहेका सर्वव्यापक, सवैका आत्मास्वरूप, सबैका कार्यका साक्षीस्वरूप सम्पूर्ण सृष्टिका स्थायीस्वरूप साक्षी धड्कन, पूर्ण, सबै उपाधिबाट युक्त एकै देवता हुन्; परमात्मा 'शिव' हुन् ।

शिव कस्ता हुनुहुन्छ भन्ने बारेमा स्कन्दपुराणमा यस्तो बताइएको छ–

परात्परतरं स्वस्थं निर्मलं निरवग्रहम् ।
निरञ्जनं निराभांस यन्ति च सूरयः ॥

अर्थः जो परभन्दा पनि अति पर, आफ्नो आफैमा स्थित, मल आदि दोषरहति, विघ्नवाधा शून्य, निरञ्जन (निर्लिप्त), निरामास (मिथ्या ज्ञानले रहित) हुनुहुन्छ ।

तात्त्विक दृष्टिकोणले हेर्दा शिवतत्त्व र ब्रह्मतत्त्व एउटै हो, उनी नै हो । यस तत्त्वलाई बुझ्न हामीलाई चेतनाको आवश्यकता पर्दछ । जुन दिन हामी आध्यात्मिक जीवन जिउन शुरू गर्दछौं, तव चेतनाको बाटोतिर पाइला चल्न थाल्दछ ।

अध्यात्म विद्या भनेको ब्रह्मविद्या हो, आत्मविद्या हो । अध्यात्म भनेको आत्मा सम्वन्धी अर्थात् आफू सम्वन्धी हो, जव आफू र आफ्नोको खोजी गर्न थाल्दछौं, आफू भित्रको परमात्मासँग साक्षात्कार हुँदै जान्छ । किनकि भित्रको वन्देजले मुक्तिको बाटो लिएको हुन्छ । जव भित्र मुक्तको अनुभूति हुन्छ, तव सत्यको खोज हुन्छ । खोज्ने आफू, खोजिने आफू, खोज्ने ठाउँ आफूभित्रै । आफू भनेको आत्मा हो, आत्माले आत्मालाई आत्माभित्रै खोज्नुपर्दछ । यसबाट भित्र जुन शक्तिको चक्र छ, त्यो पूर्ण हुन जान्छ ।

जाग्रत, स्वप्न र सुषुप्तिको तीन अवस्थाहरूलाई भिन्दाभिन्दै रूपबाट जान्दा नै तुर्यवस्थाको ज्ञान हुन्छ । तुर्यको अर्थ हो ज्ञान, तुर्यावस्थाको अर्थ हुन्छ, कुनै प्रकारको अन्धकारले हामीभित्र वास नगरोस् । हामीभित्र रहेको ज्योति झल्कियोस् । त्यसको अनुभूति होस् । त्यसभित्र आफ्नो वास होस् ।

जाग्रत अवस्थामा हामी भित्र रहेको हिरा अँध्यारोले छोपिएको हुन्छ । संसारलाई देखिने आँखाले भित्रको हिरा देख्न गाह्रो हुन्छ । दोस्रो, स्वप्नमा त वाहिरको संसार देखिँदैन हराउँछ । संसारमा बनेको प्रतिविम्वहरू मनमा तैरिन्छन् । त्यही नै देखिने हुन्छ ।

तेस्रो, सुषुप्तिमा बाहिरको संसार हराउँछ । भित्रको पनि प्रतिविम्वहरू हराउँछ । याने न वाहिरको ज्ञान हुन्छ, न भित्रको ज्ञान । जाग्रतमा त बाहिरको ज्ञान त हुन्छ । जाग्रत र सुषुप्तिको अवस्थाको बीचमा रहेको स्वप्नको अवस्थामा जहाँ बाहिरको ज्ञान त हुँदैन तर बाहिरको वस्तुहरूबाट बनेको प्रतिविम्वहरू हाम्रो मस्तिष्कमा रहेको हुन्छ । त्यसैले ज्ञान हुन्छ ।

चौथो अवस्था हो तुर्या- यहि नै सिध्दावस्था हो । सबै कोशिस, चेष्टा, मिहेनत यही सिद्धावस्था प्राप्त गर्नका लागि हो । सबै ध्यान, योग यही तुर्यावस्था प्राप्त गर्नका लागि हो ।

अतः जाग्रत, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरूलाई भिन्दाभिन्दै रूपबाट जानेपछि नै तुर्यावस्थाको ज्ञान प्राप्त हुन्छ । स्व को स्थिति शक्तिको स्थिति हो । विवेकबाट ज्ञान प्राप्त हुन्छ । जब हामीभित्र रहेका वासनाहरू नष्ट हुँदै जान्छन्, तव परमात्माको सामु नजिकिँदै जान्छौं । परमात्मा पाउन मिहनेत गर्नु पर्दैन, उनी त हामीभित्र स्थित छन्, सिर्फ हराउन दिनु हुँदैन । हराउनबाट डराउनु पर्छ । परमात्मा परम ऊर्जा हो, जुन हामीभित्रै रहेको छ ।

आत्माको ऊर्जा नै ज्ञान हो, ज्ञानको अर्थ हो होश । जति होशपूर्ण र विवेकपूर्ण भयौं त्यति नै आत्मा जागृत हुन्छ । यदि ज्ञान छैन भने आत्मा जागृत हुँदैन । अविवेक माया हो । मोह एक नशा हो । जसरी नशामा डुवेको मानिस हिड्छ तर कहाँ गइरहेको छु भन्ने पत्ता हुँदैन आफ्नो ठेगानाको याद हुँदैन । जुन चिजले हामीलाई रूवाउँछ त्यही हो माया । जुन चिज हामीबाट टाढा हुँदा हामीलाई दुःख हुन्छ त्यही हो माया । यस संसारमा कुनै पनि चिज स्थिर छैन । न मित्रता, न सम्वन्ध, न प्रेम, सबै बदलिरहन्छ ।

संसारको स्वभाव प्रतिक्षण परिवर्तन हुनु हो । यो एक वहाव हो जुन नदी जस्तै, वगिरहन्छ । परिवर्तन नै संसार हो । हामी स्थायी सहारा चाहान्छौ तर यो संसारमा मिल्दैन । त्यसैले हामी प्रतिपल दुःखी भइरहन्छौं । जब मोह हट्दछ, तव कालो बादल पनि हट्दछ । सूर्य निक्लन्छ । परम आनन्दको अनूभूति हुन्छ । यही वोध नै परम अमृत हो ।

आत्माज्ञान दोस्रोबाट सिक्ने कुरा होइन । आफैँभित्रबाट स्फुरित हुने हो । शास्त्रले, गुरूले हाम्रो बाटोमा आएका वाधाहरू हटाउन सहयोग गर्ने गर्दछन् । हाम्रा पूर्वाचार्यहरूले, ऋषिमुनिहरूले आत्माको अनुसन्धान गरे आफूभित्र नै चित्त शुद्ध बनाए । अतः ध्यानबाट भित्रको ढोका खुल्दछ । परमआनन्द त हामी भित्रै रहेको हुन्छ । 'तत्त्वमसी' हामी ब्रह्म हौं । ध्यान बीज हो, ध्यान भित्रको स्नान हो । जसरी स्नान गरेर शरीर ताजा हुन्छ, धुलो, फोहर सब हटेर जान्छ, स्वच्छता हुन्छ, त्यस्तै ध्यानले भित्रको अन्तरआत्माको स्नान गर्दछ । जब भित्र सबै ताजा हुन्छ तव अशान्ति हुने कुरै रहँदैन । हामीमा भएको अशान्तिको कारण ध्यानको बीजलाई वृक्ष हुनै दिएनौं, दिँदैनौं । ध्यान त निर्विचार चैतन्यको अवस्था हो । जहाँ होश त पूरा हुन्छ तर विचार हुँदैन । मनको कृया हुँदैन । केवल आफूमात्र । मनलाई रोक्नु आफ्नो ध्यानको शक्तिबाट मनलाई यताउता भड्किन नदिएर स्थिर बनाएर राख्दामा नै ध्यानले समाधिको बाटो लिन्छ । जहाँ मन विल्कुल शून्य हुन्छ । केवल आफू मात्र । अतः ध्यान बीज हो ।

ध्यानमा रही आसनस्थ हुनुको अर्थ शरीरमा कुनै क्रिया छैन, मनमा कुनै विचार छैन । जव शरिरको गति बन्द हुन्छ, तव ऊर्जा बाहिर जान सक्तैन, मनको सारा गति बन्द हुन्छ । ऊर्जा जाने छिद्रहरू बन्द हुन्छन् । तव बाहिर जाने केही पनि हुँदैन । सारा जीवनका ऊर्जा भित्र

नै रहन्छन् । भित्र त महासरोवर छ, 'चिदात्मसरोवर' । ती सबै ऊर्जाहरू महासरोवरमा गएर मिल्दछन् । हामी भित्रै त्यस महासागरमा डुबुल्की लगाउन थाल्दछौं । त्यहीं नै परमशान्तिमा रहन्छौं । त्यही नै परमात्मा हो, शिव हो, यही नै शिवसूत्र हो ।

शिवको अर्थ कल्याण, परमानन्द । कसैले शिवलाई दिगम्वर भनेका छन्, कसैले कपाली भनेका छन् त कसैले शिवलाई चन्द्रशेखर भन्दछन् । त्यस्तै कसैले अष्टमूर्ति भन्दछन् । शिवतत्त्वको व्याख्या गर्दै गएर कालिदासले नविश्वमूर्ते रव धार्यते वपुः भनेर शिवको स्वरूप कसैले जान्न सकेका छैनन् भनेका छन् । अतः शिवलाई प्राप्त गर्नु नै आफूले आफूलाई प्राप्त गर्नु हो । ऊ त ज्योति हो चेतना हो ।

फागुन कृष्ण चतुर्दशीको महानिशामा आदिदेव महादेव कोटिसूर्यको समान ज्योति लिएर शिवलिङ्गरूपमा आभिरभूत हुनु भएको थियो भन्ने कुरा इशान संहितामा उल्लेख गरिएको छ । जुन अन्धकारमय घनघोर भयानक रातमा देदिप्यमान ज्योतिर्लिङ्गको आविर्भाव भएको थियो त्यही रातलाई शिवरात्रि भनिन्छ । यिनै सृष्टिको दिव्यशक्ति, महाशक्ति र परमशक्ति सर्वात्माका परलौकिक परमपिता परमात्मा शिवको दिव्य अलौकिक जन्म भएको यादगर पर्वको रूपमा शिवरात्रिलाई लिइन्छ ।

शिवरात्रि शिवको जन्मजयन्ति होइन । शिवजीको न जन्म भएको छ न मृत्यु हुन्छ । भगवान् पशुपतिनाथको प्रिय वासस्थान भरतवर्षको उत्तराखण्ड नेपाल राज्य देवादिदेव महादेवको क्रिडास्थल हो । पशुपति क्षेत्र शिवको निवासस्थल हो । भगवान् पशुपतिनाथको यस क्षेत्रमा शिवरात्रिमा हज्जारौं हजार नरनारीले श्रद्धाभक्तिपूर्वक व्रत, उपासना, जागरण र विशेष काम्य व्रत पूजा गरेर शिवप्रतिको आफ्नो आस्था, विश्वासलाई आत्मामा लीन गराउन खोज्दछन् ।

सृष्टिको सर्वोच्च शक्ति परमात्मा शिवको ज्योतिस्वरूपको दिव्य जन्मको यादगर पर्वको रूपमा मनाइने शिवरात्रि पर्व भित्रको गहन आध्यात्मिक मूल्य मान्यताको ज्ञान नहुनाका कारण आज यो पर्व केवल सामाजिक परिपाटी निर्वाह गर्ने औपराचरिक परम्परामा सीमित रहेको छ । अर्कोतिर उपहासको विषय बनाइ रमाउनेको पनि कमी छैन । पाश्चात्य शिक्षा र संस्कृतिमा हिन्दु समाज दौडिदै गइरहेको छ । शिवरात्रि पर्वको यथार्थता, सत्यता र वास्तविकतालाई अनुसरण, अवलम्वन र पालन गर्ने हो भने व्यक्तिमा मात्र होइन विश्वमा आमूल परिवर्तन आउन सक्छ । धर्मको प्रवर तेजमा मलिन अन्धकार रहन सक्तैन । हिन्दु संस्कृति नै यस्तो संस्कृति हो जसले विश्व संस्कृतिलाई जन्माएको छ । यस तथ्यलाई ऋषिमुनिहरूले प्रष्ट पारेर राखिदिएका छन् । मात्र अध्ययन, अनुसन्धान, चिन्तन, ध्यान, समाधिको आवश्यकता छ ।❖

फागुन महिनाका पर्व तथा विदा

१ गते कुम्भ संक्रान्ति

७ गते प्रजातन्त्र दिवस/निर्वाचन दिवस

८ गते गोरखकाली पूजा/सामाजिक न्याय दिवस

९ गते अन्तर्राष्ट्रिय मातृभाषा दिवस

१२ गते विजया एकादशी व्रत

१३ गते प्रदोष व्रत

१४ गते महाशिवरात्रि व्रत/सिलाचःह्रे पूजा/सेना दिवस

१६ गते ग्याल्पो ल्होछार

२० गते माझी समुदायको लदीपूजा

२३ गते गोरखकाली पूजा

२४ गते अन्तर्राष्ट्रिय नारी दिवस

२६ गते आमलकी एकादशी व्रत

२७ गते प्रदोष व्रत

२९ गते फागुपूर्णिमा (पहाडी जिल्ला)/पूर्णिमा व्रत

सन्दर्भ सामग्रीः

१. शङ्कराचार्य र भगवद्दर्शन– डा. क्षितीजचन्द्र चक्रवर्ती

२. ज्ञानको अनुभव– प्रा. शिवगोपाल रिसाल

३. हिन्दु धर्म– स्वामी विवेकानन्द

४. शिवोपासना– डा. पवित्रबहादुर खड्का

५. पूर्वीय दर्शनको पुनर्व्याख्या– डा. प्रमोद ढकाल

–बत्तीसपुतली, काठमाडौं

शिवरात्रि किन मनाउने ?



-हरिप्रसाद सोडारी

नेपाल शैवभूमि हो । हलेशी, जलेश्वर, पशुपति, वैद्यनाथलगायतका शिवालयले नेपालको शैव महिमालाई बताउँछन् । महादेवले सतीदेवीको मृतशरीरलाई बोकेर हिड्दा जहाँजहाँ अङ्गपतन भए ती स्थानमा उत्पन्न भएका शिवलिङ्गलाई ६४ शिवलिङ्गका रूपमा पूजा गरिन्छ । महादेवले कालकुट विषसेवन गरेपछि गोसाइँकुण्डको जल पिएर त्यहीँ आराम गरे । मृगको रूप लिएर मृगस्थलीमा विचरण गरे । यही कारण शिवधनुष पनि जनकनरेशको दरबारमा निकै पछिसम्म रहने मौका पायो । जानकीले शिवधनुष उचालेर लिपेको कुरा रामायणमा बाल्मीकिले चर्चा गरेका छन् । रावणले यहीँ गोकणेश्वरमा तप गरी शिवलाई प्रसन्न गराए । स्वस्थानीकथाका अनुसार शिवकै कृपाले नवराजले राज्य प्राप्त गरे जुन स्थानलाई अहिले साँखुका नामले चिनिन्छ । शैवसंस्कृतिको नाभी हिमालीसंस्कृति, नेपालीसंस्कृति अझ भनौँ पर्वतमालाको संस्कृतिका रूपमा चिन्न सकिन्छ । शिवको मूलसम्बन्ध नेपालको मुटुसँग जोडिएको तथ्यलाई शास्त्रहरूले बताउँछन्, ग्रन्थहरूले चर्चा गरेका छन् । यसकारण शैवसँग सम्बन्धित पर्व भनेको नेपालीको पर्व हो भन्ने विषयमा विमति राख्नुपर्ने अवस्था छैन ।

मूलतः शतबीज छर्ने अवसर, श्रावणमहिनाका सोमवार, हरितालिकाको भन्दा अधिक भक्तहरू शिवरात्रिमा पाशुपत क्षेत्रसहित नेपालका शिवालयमा अधिक देखिन्छ । शिव बुझ्ने, ज्ञान प्राप्त गर्ने, ब्रह्मसाक्षात्कार गर्ने रात्रिलाई शिवरात्रि भनिन्छ । साधना र ब्रह्मचिन्तनका लागि पौरस्त्य परम्परामा मोहरात्रि, कालरात्रि, सुखरात्रि, शिवरात्रिसहितका ४ रात्रिलाई विशेष अवसरका रूपमा लिइन्छ ।

(क) मोहरात्रि- कृष्णको जन्म भएको रात्रि(भाद्रकृष्ण अष्टमी)लाई मोहरात्रि भनिन्छ । कृष्णले कंश, कालीनाग, पुतनालगायतका आसुरी शक्तिलाई नियन्त्रण गरी, आफ्नै वंशनाश गराई, महाभारतयुद्धमा अर्जुनलाई माध्यम बनाएर गीताज्ञानद्वारा संसारको सार बुझाउनुभयो । बुबाआमालाई जेलबाट निकाली, जरासन्धबाट टाढा भई राजनीतिको पाठ पढाउनुभयो । कृष्णको जन्मदेखि मृत्युसम्मका घटनाले मोह नाश गर्ने भएकाले उहाँको जन्मतिथिलाई मोहरात्रि भनिन्छ ।

(ख) कालरात्रि- आश्विनशुक्ल अष्टमीलाई कालरात्रि भनिन्छ । यस रात दुर्गाको विशेष पूजापाठसहित अनेकौँ अनुष्ठानहरू गरिन्छन् । कालका कैयौँ अर्थमध्ये समय, बोध, परमात्मा पनि हुन्छ । अज्ञानको नाश गर्ने, परमात्माको साक्षात्कार हुने, काललाई जित्ने रात्रिलाई कालरात्रि भनिन्छ । काललाई जसले जित्छ त्यसलाई काली भनिन्छ । कालजयी हुन, आनन्दित बन्न, कालरात्रिमा कालीको पूजा, उपासना गर्नुपर्छ ।

(ग) सुखरात्रि- कार्तिक औँसीलाई सुखरात्रि भनिन्छ । यस दिन बिहान पृथ्वीस्वरूपा गाईको पूजा गरी तोरण टाँगिन्छ । साँझसँगै घर, दोबाटो, भण्डार आदिमा चारैतिर बत्ती बालेर धनधान्यकी अधिष्ठात्री लक्ष्मीलाई प्रसन्न गराइन्छ । लक्ष्मी नै धन, सुख र सम्पत्तिकी दाता हुन् । सम्पत्तिको अर्थ पैसा, दौलतमात्र होइन आनन्द (परमात्मा) पनि हो । मनलाई नियन्त्रण गरी संसारलाई बुझेर परमात्माको साक्षात्कार गरेपछि आनन्द हुन्छ । यस दिनको साधनाले पुनः जन्मनुपर्दैन, दुःखले छुँदैन त्यसैले सुखरात्रि भनियो ।

(घ) शिवरात्रि- फाल्गुन ११ औँ महिना हो, रूद्र पनि ११ छन्, चतुर्दशी तिथिका स्वामी शिव हुन् । 'शिवस्य रात्रिः

शिवरात्रि' अर्थात् शिवको रात्रि वा शिव साक्षात्कार गर्ने रात्रि नै शिवरात्रि हो । शिवको अर्थ 'परमात्मा', रात्रिको अर्थ 'ज्ञान' हुन्छ । फाल्गुनकृष्ण चतुर्दशीको साधनाबाट तुरून्तै परमात्माको बोध हुनेहुँदा त्यसलाई महाशिवरात्रि भनिन्छ ।

शिवरात्रिसमं पुण्यं नास्ति यज्ञसहस्रकैः ।
मासे मासे कृष्णपक्षे या भवेच्च चतुर्दशी ॥
शिवरात्रिस्तु सा ज्ञेया व्रतानामुत्तमोत्तमा ॥

–अपराजितपृच्छा (३१।३९-४०)

अर्थात् "शिवरात्रिको समान पुण्य हजारौँ यज्ञ गर्दा पनि प्राप्त हुँदैन । प्रत्येक महिनाको कृष्णचतुर्दशीलाई शिवरात्रि सम्झिएर व्रत गर्नु उत्तम हुन्छ ।" एक वर्षमा शिवा, शान्ता, सिद्धिदा, जया, मनोरमा, कान्ता, आह्लादा, सौम्या, शुभा, मणिप्रभा, विश्वा र विश्वकृदुद्भवा नाम गरेका बाह्रवटा चतुर्दशीहरू प्रसिद्ध छन्, यिनीहरू मङ्सिर महिनाबाट आरम्भ भएर कार्तिक महिनामा पूर्ण हुन्छन् ।[१] रात्रि शब्दमा रहेको 'रा' ले ऐश्वर्य, 'त्र' ले 'रक्षा गर्नु' भन्ने बुझाउँछ । "शिव एवम् रा धनं तत् त्रायतेति शिवरात्रम्" अर्थात् शिवले धनको रक्षा गर्ने रात्रिलाई शिवरात्रि भनिन्छ । रातमा जन्मिए पनि 'जन्मरात्रि' होइन जन्मदिन मनाइन्छ । शिवसँग जोडिएको रात्रि शब्दको अर्थ 'रात वा अन्धकार' नभई सम्पत्ति, शक्ति, ज्ञान, आनन्द भन्ने हुन्छ । शिवको आशीर्वाद प्राप्त गर्ने, साक्षात्कार गर्ने, अभ्युदय प्राप्त गर्ने रात्रिलाई शिवरात्रि भनिन्छ ।

जुन दिन र रात्रिमा चतुर्दशी तिथि हुन्छ, त्यसलाई निश्चित रूपले शिवरात्रि मान्नुपर्छ ।[२] एक वर्षभित्र पर्ने शिवरात्रिमध्येको सर्वोत्कृष्ट रात्रिलाई महाशिवरात्रि भनिन्छ । यस दिन नेपालका विभिन्न शिवालयमा दर्शनार्थीको भीड हुन्छ । शिवरात्रिमा शिवअनुरागीहरूले स्वास्थ्य, उमेर, स्थान आदिलाई ध्यान दिई जलाहार, फलाहार, निराहार व्रत बस्न सक्छन् । व्रतमा आचरण, भोजन, परम्परा, साधना विधि आदिमा विशेष ध्यान दिइन्छ । गाँजाहार, धतुरोआहार, चरेशाहार, माशांहार गरी व्रत बस्ने नियम शास्त्रमा छैन । देवीदेवताले खाँदैनन् बरू भक्तले चढाएको पदार्थलाई प्रसाद वा अमृत बनाइदिन्छन् । गाँजा पिएर महादेव बन्न खोज्नेले सर्पका माला लगाएर, कम्मरमा बाघको छाला बेरेर, हिमालमा बसेर, खरानी घसेर, मशानघाटमा साधना किन नगर्ने ? महादेवले गणेश एवम् दक्षप्रजापतिमा क्रमशः हात्ती तथा बोकाको टाउको जोडे, कालकुट विषको सेवन गरे हामी किन नगर्ने ? अध्ययन नगरी देवीदेवतामाथि आरोप लगाउँदा पुर्खामाथि अन्याय, शास्त्रमाथि प्रहार, देवीदेवतामाथि अपमान, संस्कारमाथि अत्याचार हुन्छ । महादेवको बुटी मानेर मादक पदार्थ खानु महापराध हो । गाँजा मध्य एशियामा अनादिकालदेखि पाइने औषधीय गुण भएको वनस्पति हो । नारी र पुरूष दुबै गाँजाका रूखहरू साथमा भएनन् भने फल लाग्दैन । यसले अर्धनारीश्वरको स्वरूपलाई संकेत गर्छ । शिवरात्रिमा उपवास, रात्रि जाग्रम र शिवपूजा गरी तीन विधिबाट शिवको अनुष्ठान गरिन्छ । चाण्डालदेखि मनुष्यसम्म सबैले शिवरात्रिमा व्रत बस्दा इच्छाएको फलसहित मुक्ति प्राप्त हुन्छ ।[३] शिवरात्रिको महिमा शिवपुराण(कोटिरूद्रसंहिता, ३७ अध्याय)को एउटा कथाले बताउँछ ।

कुनै वनमा गुरूद्रुह नामको हत्या र कुकर्म गर्ने बलवान् भिल्ल बस्दथ्यो । मृगहरू मार्ने र चोरी गर्ने कार्यबाट परिवारको पालनपोषण गर्थ्यो । एकपटक शिवरात्रिको दिन उसका परिवारले भोकले व्याकुल छौँ, खाने कुरा देऊ भने । गुरूद्रुह तुरून्तै शिकारमा गए पनि केही पाएन, सूर्य अस्ताए । अत्यन्त दुःखी भएर जलाशयका नजिकमा राती जनावर पानी पिउन आए शिकार गरी घर जाउँला भनी बेलको रूखमा चढेर बस्यो । रातको पहिलो प्रहरमा एउटी मृगिणी तिर्खाले आत्तिएर त्यहाँ आई । भिल्लले बाण हान्न लाग्दा रूखको हाँगो हल्लिएर उसले लिएको जल र बेलपत्र खसेर शिवलिङ्गमा पऱ्यो । सौभाग्यवश भिल्ललाई ज्ञान नभएर पनि शिवको पहिलो प्रहरको पूजा हुन गयो र सारा पाप नष्ट भए । भिल्ललाई देखेर मृगिणी डरले व्याकुल हुँदै भनी "हे व्याधा ! तिमी के गर्न चाहन्छौँ ?"
भिल्लले भन्यो– "मेरा परिवार भोकै छन्, तँलाई मारेर उनीहरूलाई खुवाउँछु ।"
मृगिणीले– "अनर्थ गर्ने यो शरीरको मासु खाएर तिमी सुखी हुन्छौ भने मेरा लागि महापुण्य हुन्छ । मेरा बच्चाहरूलाई अन्तिमपटक भेट गरी श्रीमान्लाई जिम्मा लगाउन देऊ ।" भनी बाचा गरेपछि छोडिदियो ।

राति अबेरसम्म घर नफर्केपछि मृगिणीकी बहिनीहरूले उसलाई खोजी गर्दै त्यहीँ आइपुगे । व्याधाले पहिलाजस्तै

बाण उठाउन खोज्दा जल एवम् बेलपत्र शिवलिङ्गमाथि पऱ्यो र दोस्रो प्रहरमा पूजा भयो । यसबाट व्याधाले सुख प्राप्त गऱ्यो । मृगिणीहरूले व्याधालाई देखेर जीवनयाचना गरे । व्याधाले पहिलेजस्तै वाचा गरी छोडिदियो । प्रतिज्ञा गरेर आएका सबै मृगिणीहरूले एक अर्कासँग सम्बन्धित घटना सुनाए । उनीहरूले प्रतिज्ञा गरेको हुनाले जानैपर्छ भन्ने अठोट गरे । जेठी मृगिणीले आफूमात्र जाने कुरा सुनाएपछि कान्छीले भनी- "म तपाईकी सेविका हुँ, त्यसैले म जान्छु ।"

मृग र मृगिणीहरूले आफ्ना सन्तानलाई सम्झाई छिमेकीहरूको जिम्मा लगाएर व्याधासमक्ष आए । तिनीहरूलाई देखेर व्याधाले खुशी हुँदै धनुमा बाण चढाउँदा रूखको हाँगो हल्लिएर फेरि शिवलिङ्गमाथि जल र बेलपत्र पऱ्यो । शिवपूजाका प्रभावले उसलाई दुर्लभ ज्ञान प्राप्त भयो । व्याधाले भन्यो- "हे मृगश्रेष्ठ हो ! तिमीहरू धन्य छौ, आफ्ना आश्रममा जाओ ।"

अज्ञानवश भए पनि शिवलिङ्गमा पूजा गरी व्याधाले मुक्ति पायो । विधिविधान र श्रद्धारहित भएर गरेको शिवपूजाबाट त फल मिल्छ भने श्रद्धाभक्तिसहित गरेको शिवपूजाबाट अनेकौँ लाभ अवश्य प्राप्त हुन्छन् । यस्तो महनीय रात्रि नै शिवरात्रि हो ।

तस्य रात्रिः समाख्याता शिवरात्रिः शिवप्रियाः ।
तस्यां सर्वेषु लि ेषु सदा संक्रमते हरः ॥
यानि कानि च लि ानि चराणि स्थावराणि च ।
तेषु संक्रमते देवि तस्यां रात्रौ यतो हरः ॥
शिवरात्रिस्ततः प्रोक्ता तेन सा हरबल्लभा ।

-कालमाधव (पृ. ३६६)

अर्थात् "यो रात्रि शिवजीको रात्रि भएकाले शिवको प्रिय छ । यस रात्रि सबै शिवलिङ्गहरूमा शिव रहनुहुन्छ । चर र स्थावरलिङ्गमा त्यो रात शिव रहने भएकाले हे देवी ! शिवरात्रिलाई हरबल्लभाको नामले पनि चिनिन्छ ।" यस रात्रिमा थोरै परिश्रमले शिवको साक्षात्कार वा मृत्युपछि शिवसायुज्य प्राप्त हुन्छ । राति जाग्राम बस्ने, धुनी ताप्ने, शिवसम्बन्धी भजन गाउने, रूद्राक्षका मालाले मृत्युञ्जयलगायतका मन्त्र जप्ने गर्दछन् । 'शैव, वैष्णव वा अन्य जसका पूजक भए पनि शिवरात्रिमा शिवको पूजा गर्दा सबै पूजाको फल प्राप्त हुन्छ ।[४] साँझपख शिवधुनी बालेर घर, दोबाटो वा चौबाटोमा तापिन्छ । धुनीलाई अज्ञानको अन्त्य, जागरणको प्रतीक, ज्ञानको ज्योति मानिन्छ । धुनी ताप्दा रोग हट्छ, धुनीमा पाकेको भोजन प्रसाद हुन्छ, धुनीको खरानी विभूति (ईश्वर स्वरूप) मानिन्छ । धुनीमा बसेर शिवको चिन्तन, स्तोत्र र मन्त्र पाठ गर्न छोडेर गाँजा तान्ने विकृति बढेको छ । महादेव खरानी घस्छन् अर्थात् धुनीप्रिय छन् । महाशिवरात्रि साधना गर्ने रात्रि हो, ज्ञान र ऐश्वर्य प्राप्त गर्ने रात्रि हो, अनेकौँ जन्मका पापलाई नाश गर्ने रात्रि हो, हृदयमा शिव राखेर प्रार्थना र चिन्तन गर्ने अवसर हो । धार्मिक अनुष्ठान गर्दा मानसिक र शारीरिक शुद्धी हुन जरूरी छ तर गाँजालगायतका मादक पदार्थ खाने शास्त्रीय चर्चा छैनन् । हाम्रा पर्वले परमात्मासँग जोड्न सिकाउँछ, अखाद्य खाएर वितण्डा मच्चाउन लगाउँदैन । यसैले शिवजस्तै 'सत्यं शिवं सुन्दरं' हुनका लागि शिवरात्रिमा शिवको अनुष्ठान र साधना गर्नुपर्छ, नशा पिएर दशामा फस्न हुँदैन ।❖

१. अपराजितपृच्छा (३१।३१-३२)

२. दिनमानप्रमाणेन या च रात्रौ चतुर्दशी । शिवरात्रिस्तु सा ज्ञेया चतुर्दश्यां तु पारणम् ॥ -**पुरूषार्थचिन्तामणि (पृ. ३२४)**

३.. शिवरात्रिव्रतं नाम सर्वपापप्रणाशनम् ।

आचाण्डालं मनुष्याणां भुक्तिमुक्तिप्रदायकम् ॥-**माधव ईशानसंहिता**

४. शैवो वा वैष्णवो वाऽपि यो वा स्यादन्यपूजकः । सर्वपूजाफलं हन्ति शिवरात्रिबर्हिमुखः ॥-**पुरूषार्थचिन्तामणि, (पृ. ३१६)**

-**खोप्लाङ, गोरखा**

पशुपति ज्योतिर्स्तम्भ

मनोज ढुङ्गाना

सृष्टिपूर्वावस्था

परमब्रह्म परमात्मा शिव, महादेव, सृष्टिकर्ताको महिमा मण्डित गर्नुपूर्व अर्थात् सृष्टिपूर्वको अवस्था, स्थिति कस्तो थियो, के थियो भन्ने विषयमा विशेष चिन्तन गर्नु पर्ने हुन्छ । सृष्टिपूर्वको अवस्थामा कुनै केही कुरा, केही



तत्त्वको अस्तित्व नै छैन । समय पनि छैन, वस्तु, पदार्थ र आधार, आभाष पनि छैन । यही तथ्यलाई चिन्तन गर्दा सृष्टिपूर्वको कल्पना गर्नु असम्भव र निरर्थक हुन्छ । यस्तो कठिन विषयलाई लिएर यजुर्वेद अन्तर्गतको तैत्रीय उपनिषद्मा तपोनिष्ठ महर्षिहरू भन्छन्, "यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह" अर्थात् जहाँबाट वाक् र विचार उद्घाटित नभइकन फर्किन्छ, त्यसैले सृष्टिपूर्वावस्थाको कल्पना अत्यन्त कठिन र असम्भव नै हुन्छ । यही कठिन दूसाध्य विषयलाई लिएर ऋग्वेद्को नारदीय सुक्तमा मनलाई विस्मय र चकित पार्ने गरी सृष्टिपूर्वको यसरी वर्णन गरिएको छ । मन्त्रको भाव यस प्रकार रहेको छ–

"प्रारम्भमा अस्तित्व थियो न अस्तित्व नै,
सम्पूर्ण विश्व एक अदृश्य ऊर्जा थियो ॥१॥
त्यो एक (एकोऽम् ब्रह्म द्वितीय नास्ती)
आफ्नो शक्तिद्वारा विनाश्वास श्वास हुन्थ्यो ॥२॥

तर त्यहाँ केही थिएन, ब्रह्म परमात्मा शिवको जुन अवस्था छ, त्यो शुद्ध चेतनको अवस्था मात्र हो । त्यहाँ ब्रह्मको कुनै क्रियाकलाप, कुनै किसिमको फैलावट पनि छैन र सर्वव्यापकता पनि छैन, केवल शुद्ध चैतन्य मात्र छ । शक्ति छैन, सक्रियता पनि छैन र त्यहाँ जडत्वको स्थिति रहेको छ । माथि उल्लेख गरिएको अवस्था सृष्टिपूर्वको अवस्था हो । सूर्यपुत्र मनुले सृष्टिअगाडिको अवस्थालाई यसरी अर्थ्याउनुभएको छ– "तमोमय अज्ञात लक्षणरहित, अर्तक्य, अज्ञेय सबै प्रकारबाट शुप्तवत् रहेको छ ।"

सृष्टिसिर्जनावस्था

भगवान्ले विश्वरचना किन र के, कति कारणले गर्नुहुन्छ ? भन्ने अत्यन्त गम्भीर विषयमा शास्त्रकारहरूको विभिन्न मतमतान्तर रहेका छन् । कोही भन्छन्, 'ईश्वरले आफ्नो विभूति देखाउन', कसैको मत छ, 'भगवान्को इच्छा मात्र हो' । यसै विषयलाई लिएर सापेक्षवाद सिद्धान्तका प्रवर्तक वैज्ञानिक अल्वर्ट आइन्स्टाइनलाई एक सज्जनले सोधेछन्– "भगवान्ले किन सृष्टि गर्नुहुन्छ ?" महान् वैज्ञानिक आइन्स्टाइन मुसुक्क हाँस्दै गम्भीर भावले भन्दछन्– "सृष्टि गर्नु भगवान्को इच्छा मात्र हो ।" निश्चय पनि भगवान्ले सृष्टि गर्नु उहाँको स्वभाव हो । परब्रह्म परमात्माले कति पटक सृष्टि सिर्जन गर्नुभयो, कति पटक महाबिघटन गर्नुभयो त्यसको लेखाजोखा नै छैन । सृष्टि अवस्थाको विषयलाई लिएर भगवान् मनु भन्नुहुन्छ– "स्वयम्भू अव्यक्त ईश्वर महाभूतादि प्रकट गर्ने तेजस्वी तम हटाइदिने प्रकट हुनुभयो ।" तत्काल हिरण्यगर्भ ओम् नादका साथ महाबिस्फोट भयो । एकीकृत रूपमा रहेको महापञ्चभूत सामूहिक रूपमा बाहिर चारैतिर फैलियो । त्यसैले नै ओम् नै सृष्टिको श्वासप्रश्वास हो ।

महाबिस्फोट भए लगत्तै विशाल अग्निज्योतिस्तम्भ चारैतिर बाहिर फैलियो । त्यो अपूर्व दृश्य देखेर पितामह ब्रह्माले यसो विचार गर्नुभयो, ओहो ! यो अपूर्व अतुलनीय कहाँबाट यस्तो तेस्रो शक्ति पैदा भयो ? यो के विशाल ज्वाला हो ? आदि पनि छैन अन्त्य पनि छैन र प्रपञ्चले चारैतिर ढाकिसक्यो । अनि उहाँले भगवान् बिष्णुलाई सोध्नुभयो, "भगवान्, यो के हो ? यो ज्योतिस्तम्भ के हो ?" बिष्णु भगवान्ले भन्नुभयो, "मेरो नाभीबाट तिमी उत्पन्न भएका हौ" भनेपछि ब्रह्माजीलाई यो कुरा चित्त बुझेन । भगवान् बिष्णु र पितामह ब्रह्माका बीचमा निकै लामो वादविवाद भयो र अन्त्यमा त्यसको टुप्पो र फेद पत्ता लगाउने भन्ने कुराको निधो भयो ।

भगवान् विष्णु बराहको रूप लिएर तल फेदतिर जानुभयो भने ब्रह्मा आकाश मार्गतिर पुग्नुभयो । परिणाममा दुबैले फेद र टुप्पा पाउन सकेनन् । त्यो ब्रह्माण्डको वरिपरि सबैतिर अनन्तमा ढाकिइसकेको थियो । हाम्रा विद्वान् मनुषिहरूले भगवान् बिष्णु र ब्रह्मा अग्निस्तम्भ पैदा भएको नाप्न गएको क्षेत्र पशुपति क्षेत्र नै हो भनेका छन् । राष्ट्रगुरू योगी नरहरिनाथले अझ जोड तथा प्रमाणका साथ त्यो अग्निस्तम्भ पैदा भएको क्षेत्र पशुपति क्षेत्र नै हो भनि भन्नुभएको छ ।

यो विशाल ज्योतिर्स्तम्भ सृष्टिसिर्जना समयको अभिव्यक्ति हो । यो ज्योतिर्स्तम्भलाई शिवलिङ्ग भनी पुरूष जनेन्द्रियसँग जोड्नु अनुचित र भ्रान्त धारणा मात्र हो । मूर्तरूपमा लिङ्गको तीन भाग छ र मानव शरीरसमान छ । यही ज्योतिर्स्तम्भमा त्रिदेवको बास छ भने अब कसरी लिङ्ग भनेर प्रमाणित गर्ने ? गम्भीर विषय रहेको छ । भारतमा अङ्ग्रेजहरूको उपनिवेश भएको बेलामा उनीहरूले नै लिङ्ग भनि बढी बढाइचढाइ गरी लेखेका हुन्, त्यसैले यो दुई सय वर्षको Clonial Thinking को उपज मात्र हो ।

अघि माथि उल्लेख गरिएको महाबिस्फोटको विषयलाई लिएर वैज्ञानिकहरूले यसलाई बिग-ब्याङ्ग (Big Bang) भनेर शब्द दिएका छन् । बिग-ब्याङ्गको अर्थ ज्यादै ठूलो आवाज भन्ने बुझिन्छ, तर हाम्रा शास्त्रले बिग-ब्याङ्ग होइन, ओम्को नादका साथ प्रकट भएको भनेका छन् । हाल आएर अनुसन्धानको क्रममा वैज्ञानिकहरूले पनि बिग-ब्याङ्गचाहिँ होइन, आवाज मात्र भनेका छन् । यसरी वैज्ञानिकहरू सत्यको नजिक पुग्ने प्रयासमा छन् । भारतमा पनि बाह्र ज्योतिर्लिङ्गहरू छन् । सबै ज्योतिर्लिङ्ग दर्शन गरेपछि पशुपतिनाथको दर्शन गर्नु भारतका मानिसहरू अनिवार्य ठान्दछन् किनभने यो प्रथम ज्योतिर्लिङ्ग हो । यही नै प्रथम पटक ज्योतिर्लिङ्गको सृष्टि भएको हो । त्यसरी ज्योतिर्लिङ्गको सृष्टि भइसकेपछि बिस्तारै-बिस्तारै यो सृष्टिक्रम अगाडि बढ्दै गयो ।

शिवतत्व

शिव भगवान् कल्याणमय हुनुहुन्छ, भगवान् शिव नै अमृतमय हुनुहुन्छ । जहाँ अमृत छ त्यहाँ भगवान् हुनुहुन्छ, जहाँ मृत छ त्यहाँ भगवान् हुनुहुन्न । शिवको अर्थ नै शरीरको प्रतीक हो, जीवनदायिनी शक्तिको प्रतीक हो र सिर्जनाको प्रतीक हो । शिव नै कल्याणको स्रोत हो । शिव भगवान् नै सबै तत्त्व प्रकट गर्ने हुनुहुन्छ । त्यसैले भगवान् 'शिव' शब्दबाट 'इ' अक्षर निकालिदियो भने त्यहाँ 'श' मात्र बाँकी रहन्छ अर्थात् 'शव' मात्र हुन्छ । 'शव' भनेपछि कुनै पनि प्रकारको कुनै पनि कुराको सम्भावना छैन । जीवन र मोक्षको पनि सम्भावना छैन । त्यहाँ भौतिक प्रगतिको पनि सम्भावना छैन । अध्यात्मको पनि सम्भावना हुन्न । सम्भावना सबै समाप्त हुन जान्छ । जहाँ शिव छ, त्यहाँ कल्याण छ, त्यहाँ शुभ छ, त्यहाँ प्रगति छ, त्यहाँ उन्नति छ । शिवतत्त्वको विषयमा अझ बढी पहिचान गर्ने हो भने शिवका आठ नामहरू रहेका छन् । जो यस प्रकार छन्-

१. पशुपतिः पशुपति समस्त जीवका स्वामी हुनुहुन्छ । जीव भन्नाले हामी मनुष्य पनि पशु नै हौं किनभने हामी अज्ञान र मोहले ग्रस्त छौं । आफ्नो शक्तिको ज्ञान नहुनाले हामी पनि पशुसमान नै छौं । समस्त संसारमा जति पशु छन् ती सबैको स्वामी नै श्री पशुपतिनाथ नै हुनुहुन्छ ।

२. रूद्रः जो उत्कृष्ट छ, जो भव्य छ त्यो रूद्र हो । रूद्र नै भगवान्को ब्रह्माण्डीय स्थुलरूप हो ।

३. इशानः इशानको अर्थ हुन्छ सबैलाई नियन्त्रण गर्ने ।

४. भवः जसको अस्तित्व छ अर्थात् भगवान्को अस्तित्व सदा रहिरहन्छ ।

५. उग्रः जो भयावह छ । जब सृष्टि प्रलय हुन्छ, भगवान् शिवको उग्र रूप हुन्छ ।

६. भीमः जसको अर्थ हुन्छ महाबलवान् ।
७. महतः महतको अर्थ हुन्छ सर्वव्यापक । भगवान् जहाँ तहीँ सर्वव्यापक हुनुहुन्छ । ८. शुभः जसको अर्थ हुन्छ शुभ, कल्याण, आनन्द ।

भगवान् शिवको आठ नामबाट प्रत्येक खण्डित हुँदैहुँदै अगाडि आठ आठ हुँदैहुँदै चौंसट्ठीसम्म पुगेको छ । यो चौंसट्ठी ज्योतिर्लिङ्ग हाम्रो नेपालमा अहिले पनि रहिरहेको छ । शिवतत्त्व नै संसारको चेतनतत्त्व हो, शिव नै मूल तत्त्व भन्ने कुरा बुझिन्छ ।

रात्रि

सम्पूर्ण सृष्टिको, ब्रह्माण्डको एक श्वास हुन्छ, एक गति हुन्छ र ब्रह्माण्डबाट आउने विविध आवाजहरू ब्रह्माण्डको यो हृदयगति हो । यसलाई रूद्रको गर्जना पनि भनिन्छ । र, प्रत्येक सृष्टिका प्रत्येक वस्तुको एउटा चक्रीय अवस्था हुन्छ । त्यो चक्रीय अवस्थाको क्रम तल-माथि परिरहन्छ । यो अवस्थालाई रात्रि भनिन्छ । यो प्राकृतिक लय हाम्रो जीवनमा निरन्तर चलिरहन्छ । त्यो प्राकृतिक लय चलिरहनाको कारणले उतारचढाव भइ नै रहन्छ । त्यो उतारचढावको कारणले हामी थाक्छौं, हामी एकदम गलित, तनाव र थकित हुन्छौं अर्थात् हामी त्रिविध तापले पीडित हुन्छौं । त्रिविध ताप भन्नाले तीनवटा ताप भनेर उल्लेख गरिएको छ । अध्यात्म, त्यो स्वयं वा आत्मासँग सम्बन्धित भनेर भनिएको छ भने अर्को छ आधिभौतिक, जुन पञ्चभूत वा प्रकृतिसँग सम्बन्धित छ । अर्को आदिदैविक, जो दैवसँग सम्बन्धित छ । प्रत्येक मनुष्य पीडा, त्रास र भयबाट गुज्रिरहेको हुन्छ ।

रात्रिको अर्थ संस्कृतको 'रम्'धातुबाट बनेको छ । रात्रिको अर्थ सुखदायक, प्रशन्नदायक अर्थ हुन जान्छ । यो सुन्दर अर्थसहितको रात्रि भनेको आनन्द लिने सुखदायकको अवधि हो । जब हामी राति सुत्छौं, राति सुतेपछि हाम्रा खरबौं-खरब कोशिकाहरू (सेल्सहरू) ले काम गर्न थाल्छन् । दिनभरिको परिश्रम, थाकेका हाम्रा कोशिकाहरू सक्रिय भई पुनर्निर्माण गर्न थाल्छन् र शरीर पूर्णतया आराम हुन जान्छ । यो क्रम झण्डैझण्डै मध्यरातसम्म चल्छ । यसलाई शास्त्रले नित्यप्रलय भनेको छ । जब हामी बिहान उठ्छौं तब हामी एकदम ओजस्वी, प्रशन्नचित्त आनन्द भएर हाम्रो नित्यकर्ममा प्रवेश गर्छौं ।

राति कति बजेबाट आफ्नो खरबौं सेल्सहरूले कसरी काम गर्छन् भन्ने विषयमा पश्चिमी वैज्ञानिक र आयुर्वेदाचार्यहरूको झण्डैझण्डै एउटै मत रहेको छ । राति दश बजेबाट हाम्रा कोशिकाहरूले काम गर्न शुरू गर्दछन् । यदि हामी राति दश बजेसम्म सुतेनौं र टी.भी., मोबाइल आदि हेऱ्यौं भने परिणामस्वरूप शरीरले पूर्णविश्राम र आनन्द लिन पाउँदैन अर्थात् कोशिकाहरूले कामै गर्न पाउँदैनन् । हामी बिहान उठ्दाखेरि हाम्रो शरीर थाकेको हुन्छ, स्फूर्ति हुँदैन त्यसैले सही समयमा सुत्नु अति जरूरी देखिन्छ ।

शिवरात्रि

हाम्रा पूर्वजहरूले अद्भूत पञ्चाङ्गको विकास गरेका छन् । यो ब्रह्माण्डीय पञ्चाङ्ग हो । यो ब्रह्माण्डीय पञ्चाङ्गमा के भनिएको छ भने जब सृष्टि सङ्कुचन हुन्छ, सृष्टि अन्तिम अवस्थामा पुग्छ । सृष्टि सकिने बेलालाई ब्रह्माको रात्रि भनिएको छ । अन्तिम अवस्थामा गएर महाप्रलय भएर सृष्टिको समाप्ती हुन्छ । सृष्टि समाप्ती भएपछि पुनः सृष्टि हुन्छ ।

सृष्टि हुनु, लय हुनु, फेरि उत्पन्न हुनु एउटा लयको द्योतक हो । यो निरन्तर क्रम चलिरहन्छ । यो अगाडि बढ्दै-बढ्दै जान्छ र सृष्टि जब बिघटन हुन्छ फेरि सृष्टिको पुनर्जन्म हुन्छ अर्थात् फेरि सृष्टि प्रकट हुन्छ । यो रात्रीलाई हाम्रा महान् पुर्वजहरूले अत्यन्त शुभ कल्याणका रूपमा लिएका छन् । त्यो रात्रिलाई व्रत, उपवास, भजन, कीर्तन, ध्यान गरेर बिताउनु पर्ने उल्लेख गरेका छन् । महाशिवरात्री पनि त्यही ब्रह्माण्ड सिर्जन भएको वा ब्रह्माण्ड उत्पन्न भएको महास्वरूप हो । त्यसैले जुन बेला अग्निस्तम्भ प्रकट भयो, त्यो अग्निस्तम्भको सुरूवातबाट नै महाशिवरात्रीको इतिहास सुरू हुन्छ । यो ब्रह्माण्डको उत्पत्ति भएको दिन भएको समयलाई प्रशन्नता र खुशीयालीको महाउत्सवको दिन भएकोले यसलाई शिवरात्री भनिएको हो ।

शिवरात्रीको समयमा विशेष रूपमा हामीले शिवको आराधना गर्ने गरेका छौं । त्यो महाचेतना अवतरित भएको महादिन हो । शिव भगवान्को आराधना गरेर हामीलाई हुने फाइदाका बारेमा चिन्तन गर्नु पर्ने र सृष्टि कसरी भएको छ भन्ने कुरा हामीले बुझ्नु पर्दछ । सृष्टि फेरि

हुन्छ, फेरि बिघटन हुन्छ, फेरि सृष्टि हुन्छ । यो क्रम चलि नै रहन्छ । यो तथ्य बुझेपछि हामीलाई मृत्युको पनि भय हुँदैन । शिवतत्त्वको चिन्तनबाट हामीले सत्य ज्ञान प्राप्त गर्न सक्छौं । यसरी हामी अगाडि बढ्दैबढ्दै हाम्रो मानवजीवन सफल हुन जान्छ ।

जुन समयमा शिवलिङ्ग वा अग्निस्तम्भ प्रकट भयो त्यही समयबाट शिवजीको पूजा गर्ने उत्सव 'शिवरात्रि पर्व' प्रारम्भ भयो । तर ऐतिहासिक तवरबाट भन्ने हो भने रामचन्द्र भगवान् वा श्रीरामको युगलाई नासाका वैज्ञानिकहरूले र भारतका पुरातत्त्वविद्हरूले झण्डै सात हजार वर्ष मानेका छन् । रामको युगभन्दा पनि कैयौं सय वर्षअगाडि दिलीप भन्ने एकजना राजा भएका थिए । ती दिलीप राजाले हाम्रो पश्चिम नेपालको डोटी जिल्लामा दिलिपेश्वर महादेव स्थापना गरेका छन् । यसरी झण्डैझण्डै सात, आठ–नौ हजार वर्ष समय अगाडिदेखि नै शिवलिङ्ग स्थापना भइसकेको बुझिन्छ ।

त्यसैगरी महाभारतमा एकजना कौशिकतकी ऋषि भन्ने हुनुहुन्छ । कौशिकतकी ऋषिले एउटा 'कौशिकतकी ब्राह्मण'भनेर पुस्तक लेख्नुभएको छ । त्यसमा उहाँले लेख्नुभएको छ कि त्यति बेला महाशिवरात्री माघ महिनामा मनाइन्थ्यो । त्यो ज्योतिषीय गणनाले अलिकति तलमाथि पर्न गएको हो । उहाँ पुनः भन्नुहुन्छ,, "मैले महाभारत युद्ध आफ्नै आँखाले देखेको छु र चार पुस्तासम्म जीवितै छु ।"

शिवरात्रि भारत र नेपालमा मात्रै मनाइने होइन, संसारभरि नै यसको सर्वव्यापकता छ । भारतवर्ष हुँदै यो इरान, इराक, टर्की लगायतका देशमा समेत मनाइन्छ । टर्कीमा त यत्रतत्र अहिले पनि शिवलिङ्ग पाइन्छ । टर्की एउटा यस्तो देश हो जहाँ इन्द्र र बरूण उल्लेख भएको एउटा शिलापत्र भेटिएको छ । त्यो शिलापत्र झण्डै बत्तीस सय वर्ष पुरानो भनेर पुरातत्त्वविद्ले मानेका छन् । भारत, नेपालमा अहिलेसम्म पनि त्यति पुरानो शिलापत्र भेटिएको छैन । युरोपमा त धेरै नै शिवपूजनको सर्वव्यापकता देखिन्छ ।

क्रिश्चियनहरूको भ्याटिकन सिटीको बगैंचामा त्यहाँ एकपटक उत्खनन गर्दाखेरि शिवलिङ्ग फेला परेको हामीले केही दशक अगाडिसम्म पनि पढेका थियौं । त्यसै गरी डेनमार्कको गुडीस्टल भन्ने ठाउँमा उत्खनन गर्दा एउटा कचौरा फेला परेको थियो । कचौरामा पशुपति र पशुबाट घेरिएको पशुपतिको चित्र अङ्कित रहेको थियो । त्यसलाई पुरातत्त्वविद्ले झण्डैझण्डै एक्काईस सय पचास वर्षअगाडिको तोकेका छन् । एक्काईस सय पचास वर्ष वा त्योभन्दा अगाडि नै युरोपमा शिवको पूजा गर्ने प्रचलन भइसकेको थियो । यसको निकै लामो फेहरिस्त छ ।

पशुपति क्षेत्र

पशुपति क्षेत्र हामी सनातनी हिन्दुहरूको सबैभन्दा पवित्र, प्रिय र आदर्शको स्थल हो । पशुपति क्षेत्रको बारेमा भन्नुभन्दा संसारमा पिरामिड सभ्यता, मेक्सिको सभ्यता, माया सभ्यता अझ ग्रिक सभ्यता तथा अन्य सभ्यताहरू केवल इतिहासको पानामा मात्र सीमित छन् । तिनीहरू ढुङ्गा इँट्टामा मात्र रहेका छन् । पशुपति क्षेत्र त्यो क्षेत्र हो जो पाँच हजार वर्षदेखि वा त्योभन्दा अगाडिदेखि नै यो अविच्छिन्न रूपमा परम्परागत रूपमा जीवन्त रहेको छ ।

भगवान् कृष्णका पुत्र प्रद्युम्नले सूर्यघाट जहाँ पहिले उपत्यका दह हुँदा पानीको निकास बन्द थियो, उहाँले आफ्नो अस्त्रबाट जल निकाल्नुभएको थियो । स्वयं महाभारतका प्रमुख नायक अर्जुन यहाँ आएर भगवान् शिवको आराधना गरेर पाशुपतास्त्र लगेको हामीलाई सर्वविदितै छ । यसरी पशुपतिको यो इतिहास निकै लामो छ । पशुपतिनाथको मन्दिर विराजमान भएको ठाउँलाई भूगर्भविद्हरूले एक अध्ययन गरेका थिए । अध्ययन गर्दा त्यो सन्ताउन्न करोड वर्ष पुरानो चट्टान भनेर भनेका छन् अर्थात् हाम्रो आराध्यदेव, इष्टदेव अट्ठाइस करोड वर्षअगाडिको धरती माझमा बस्नुभएको छ, उहाँको मन्दिर रहेको छ ।

वास्तुशास्त्रको विश्लेषणबाट हामीले विचार गर्ने हो भने कुन ठाउँमा मन्दिर स्थापना गर्नुपर्छ भन्ने कुरा देखिएको छ । जहाँ नदी कलकल बगेकी छन्, जहाँ राम्राराम्रा ठूलाठूला रूखहरूले फल दिन्छन्, जहाँ बगैंचै बगैचाको उपवन छ, जहाँ झरना छ, जहाँ कोलाहल छैन, नगरभन्दा बाहिर छ, जहाँ शान्त छ, त्यो ठाउँ देवताहरूलाई प्रिय हुन्छ भनिएको छ । पशुपतिमा ठ्याक्कै त्यही कुरा लागू हुन्छ ।

पशुपतिनाथको मन्दिरलाई पनि हाम्रा वास्तुशास्त्रीले पहिले नै तीन भागमा बाँडेका छन् । अर्थात्

तीनै लोक छन् पशुपति क्षेत्रमा । माथिल्लो भाग कैलाश वा स्वर्गलोक हो । बीचको भाग जहाँ भगवान् विराजमान हुनुहुन्छ त्यो मर्त्यलोक हो । जहाँ महामसान छ त्यो मृत्युलोक हो । यसरी पशुपति क्षेत्र बनेको छ । यस क्षेत्रमा सबै देवीदेवताहरूको मन्दिर छ । सम्पूर्णता सहित पूर्णताको क्षेत्र हो पाशुपत क्षेत्र ।

पशुपतिनाथ मन्दिरको प्रसङ्गमा सर्वप्रथम गोपालहरूले पशुपतिनाथको ज्योतिर्लिङ्गलाई देखे । सो ज्योतिर्स्तम्भमा गाईले दूध दिने गरेको वंशावलीले भनेको छ। यो घटना पाँच हजार वर्ष अगाडिको हो । वंशावलीअनुसार गोपालहरूले त्यहाँ मन्दिर बनाए । पशुपतिको स्वर्णमन्दिर बनाउने श्रेय लिच्छवी राजा सुपुष्पदेवलाई दिइएको छ।आजभन्दा पन्ध्र सय वर्षअगाडि भएका राजा मानदेवभन्दा चौतीस पुस्ताअगाडिका राजा सुपुष्पदेवले कलात्मक स्वर्णमन्दिर मन्दिर बनाए । त्यो मन्दिरको शैली पनि आफैँमा अद्वितीय र अनौठो छ । नेपालका जति मन्दिरहरू छन् ती वेदकालीन शैलीसँग एकदमै मिल्छन् । हाम्रा मन्दिरहरू नै यज्ञवेदी शैलीका छन् ।

पहिला हाम्रा ऋषिहरूले चारैतिर खाँबो गाडेर यज्ञ गर्दथे, बिस्तारै बिस्तारै छानो हाले । त्यसो गर्दैगर्दै मन्दिरको विकास हुँदै गयो । यो हाम्रो शैली नै यज्ञवेदी शैली हो । हाम्रा जस्ता मन्दिरहरू भारतमा पाइँदैनन् । हाम्रो शैली वास्तवमा उत्कृष्ट र मौलिक छन् र मन्दिर हेर्दा एकदम सुन्दर छ, राम्रो छ । आँखाले हेरिराखुँ भनेर मात्र हुँदैन, त्यो वास्तुअनुसार बनेको हुनु पर्दछ अर्थात् त्यसको क्षेत्रफल, त्यसको उचाई, लम्बाई, चौडाई ठ्याक्क वास्तुशास्त्र अनुसार हुनु पर्दछ । यदि त्यसअनुसार मन्दिर बनेको छ भने त्यसले सकारात्मक ऊर्जा प्रवाह गर्दछ र त्यसले विश्वमा शान्ति फैलाउँछ भनिएको छ वास्तुशास्त्रमा । हाम्रो पशुपतिनाथमा पनि ठ्याक्कै त्यहीअनुसार निर्माण भएको देखिन्छ । ब्रह्माण्डको समतुल्य पशुपतिनाथको मन्दिर छ । पशुपतिनाथको ज्योतिर्लिङ्गमा सबै देवताहरूको दर्शन हुन्छ । शिवलिङ्गमा ब्रह्मा, बिष्णु बस्नुभएको छ । त्यतिमात्र नभएर माथि इशानमा त्रिपुरासुन्दरीको केन्द्र रहेको छ । प्रत्येक दिन त्यहाँका भट्टजीले माथि शिरमा त्रिपुरासुन्दरीको यन्त्र बनाउँछन् ।

शिवको चार मुखको चार वेदसँगको सम्बन्ध हुन्छ । चार वेदको अर्थ पूर्ण ज्ञान, पूर्ण सत्यको बोध हुन्छ । यसरी पशुपति क्षेत्रको महत्ता व्यापक रहेको छ । जब सुपुष्पदेवले स्वर्णमन्दिर निर्माण गरिसकेपछि नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक सबै कुराको प्रगति द्रूत गतिमा हुँदै गयो। पशुपति क्षेत्रमा धेरै सम्पदाहरू थपिँदै गए । यसरी पशुपति क्षेत्र शक्ति, प्रेरणा र चेतनाको केन्द्र हुन गयो । प्रसिद्ध राजा महासामन्त अंशुवर्माले पशुपतिको पाउको अनुग्रह पाएको भनी प्रशस्ति लिए । नामुद राजा मानदेवले पशुपतिनाथको महत्ता बुझेर आफ्नो राज्याभिषेक बागमती पारि गरेका थिए । यसरी पशुपतिनाथको महत्ता अगाडि बढ्दै-बढ्दै गयो । तर नेपालमा आएको ठूलो राजनीतिक परिवर्तनले पशुपतिनाथले हामी सबैको कल्याण गर्ने मूल भावनालाई चोट र मर्माहत पुऱ्यायो ।

राजनीतिक परिवर्तनले हाम्रो धर्म, संस्कृति र सभ्यतालाई एक किसिमले स्वाहा नै पारिदियो । पशुपति क्षेत्र यस्तो क्षेत्र हो जुन हाम्रो हृदयको र आत्माको स्पन्दन

हो, संसारको सभ्यताको केन्द्र हो । पशुपति धार्मिक केन्द्र मात्र होइन, जहाँ पुरातत्वविद्हरू मूर्तिकला, चित्रकला, वास्तुकला आदिको अध्ययन-अनुसन्धान गर्न आउँछन् । यहाँ धेरै कुराहरूको अध्ययन गर्ने सुअवसर मिल्दछ । यो एउटा यस्तो क्षेत्र हो जो अविच्छिन्न रूपमा रहेको विश्वकै महान् क्षेत्र हो, त्यो क्षेत्रलाई हामीले सुरक्षा र संरक्षण गर्नु पर्दछ । यस सम्बन्धमा सम्बन्धित निकायले त्यति राम्रोसँग ध्यान दिन सकेको छैन । तर हामी सबै सनातनी नेपाली हिन्दुहरूले यसको कसरी संरक्षण र सम्वर्द्धनमा केही समय दिनु पर्दछ, अगाडि बढाउनु पर्दछ, काम गरेर देखाउनु पर्दछ । यही नै पशुपतिनाथको सच्चा पूजा गर्नु सरह हो ।

एकजना प्रख्यात वैष्णव राजा भएका थिए । राजा मानदेव, झण्डै पन्ध्र सय वर्षभन्दा अगाडिका हुन् । उहाँ पनि सच्चा वैष्णव राजा हुनुहुन्थ्यो । उहाँले चाँगुनारायणमा चढाएको शिलास्तम्भमा विष्णुको स्तुति गर्नुभएको छ । तर उहाँ वैष्णव भए पनि शिवको पनि परम भक्त हुनुहुन्थ्यो । तर, अहिलेका वैष्णवहरूको परिभाषामा शिव नमान्ने, बिष्णुलाई मान्ने अर्थात् शास्त्रको कुरालाई नै प्रतिकार गरेको जस्तो देखिन्छ । जहाँ त्रिदेवको सिद्धान्त छ, जहाँ शास्त्र अडेको छ, त्यो नमानिकन शिवलाई दुत्कार गर्ने त्यो एउटा चरित्र देखिएको छ । तर मानदेव त शास्त्र बुझेका राजा थिए । उनले भगवान् शिवको यस प्रकारले स्तुति गरेका छन्– "किनभने यहाँकै कामबाट यहाँबाट यस कारण महादेवबाट नै सारा संसारको सृष्टि हुन्छ तथा प्रलय हुन्छ । अति भक्ति गर्ने, सफा बुद्धि भएका, असल चरित्र भएका, ठूलाठूला मुनिहरूले र इन्द्रलगायत देवताहरूले पनि यहाँको स्तुति गर्दछन्, वन्दना गर्दछन् । भगवान् खराब बुद्धिले छोपेको हुँदा अन्धकारले छाएको नाना प्रकारको दुःख पर्दा जुन मानिसहरू भक्तिपूर्वक यहाँको सेवा गर्दैनन् तिनीहरूलाई जन्म, मृत्यु, क्रोध आदिले पिर्छन् । भगवान् यहाँ यहाँकै मूर्ति स्थापना गर्दा भएको पुण्यले राम्ररी जग हालीकन म लगायत सारा लोकको हरेक किसिमको दुःख हरिदेओस् भन्ने राजा श्री मानदेवको प्रणामपूर्वक प्रार्थना छ ।" यसरी भगवान् शिवको एक जना वैष्णव राजाले प्रार्थना गरेको पाइन्छ ।❖

बाबा ज्ञानीगृह, चाबहिल

केदारनाथको शिरोभाग पशुपतिनाथ हो

केदारनाथको शिर पशुपति भएको पुष्टी गर्ने प्रशस्त ऐतिहासिक, शास्त्रीय, भौगोलिक, दार्शनिक आदि प्रमाणहरू छन् ।

- शिवपुराणले केदारको शिर पशुपति भएको प्रष्ट बताउँछ ।
- पशुपतिको चर्चा वेद र पुराणहरूमा छ तर डोलेश्वरको वर्णन हिमवत्खण्डभन्दा पुराना ग्रन्थहरूमा भेटिंदैन ।
- डोलेश्वरको उत्पत्ति केदारनाथ र पशुपतिभन्दा धेरैपछि भएकाले शिर हुन सक्दैन ।
- आर्यावर्तकै शिर पशुपति भएकाले केदारको शिर अन्य मूर्ति वा देवस्थल हुनै सक्दैन ।
- पशुपति कारणब्रह्म एवं ज्ञानकारक भएकाले केदारनाथका शिर हुन पुग्यो ।
- ज्योतिर्लिङ्ग केदारनाथको शिर महाज्योतिर्लिङ्ग पशुपति हुनुपर्छ डोलेश्वर होइन ।
- सबै देवीदेवता र तीर्थस्थलका पति केवल पशुपतिमात्र हुन् । जस्तै केदारनाथ, सोमनाथ केवल नाथमात्र हुन् । पशुपतिमात्र पति भएकाले केदारका शिर भए ।
- डोलेश्वर ६४ शिवलिङ्गमध्ये एक हुन् तर पशुपति विश्वकै नाथ, पिता, ईश्वर एवम् शिर हुन् । सबै ज्योर्तिलिङ्गको दर्शनपछि महाज्योतिर्लिङ्ग पशुपतिको दर्शन गर्ने वैदिक प्रचलन भएकाले केदारनाथसहित आर्यावर्तमा रहेका शिवलिङ्गकै शिर पशुपति हुन् । शास्त्रहरूमा पशुपति, मुक्तिनाथ, वराहक्षेत्र, देवघाट, लुम्बिनी आदिको जस्तो चर्चा डोलेश्वरको भेटिंदैन । यसकारण केदारेश्वरको शिर पशुपति भएको प्रमाणित हुन्छ । केदारनाथ क्रियाप्रधान, पशुपति ज्ञानप्रधान हुन् । डोलेश्वर के प्रधान हो थाहा छैन ?
- पाशुपात धाम होइन क्षेत्र हो । केदारनाथ भारतका चार धाममध्ये एक हो । धामको शिर क्षेत्र हुन्छ तर क्षेत्रको शिरोभाग धाम हुँदैन । यसकारण केदारको शिर पशुपति हो ।
- वेद, तन्त्र र यन्त्रको सार पशुपति भएकाले केदारको शिर हुनमा शंका छैन ।
- पशुपतिको दर्शन गर्न राम, कृष्ण, अर्जुन आदि आएको चर्चा छ तर डोलेश्वर गएको सूचना छैन । यसकारण पशुपति नै केदारनाथको शिर हो । ❖

स्रोतः शिवलिङ्गभित्रको विज्ञान

सिंतीको ब्राह्मसमाज

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

पूर्ण ज्ञानपछि अभेद । ईश्वरप्रति मातृभाव । आद्याशक्ति

भोजनपछि पान खाँदै सबैजना घर फर्कंदै छन् । श्रीरामकृष्ण फर्कनुभन्दा पहिले विजयसँग एकान्तमा बसेर कुराकानी गर्दै हुनुहुन्छ । त्यहाँ मास्टर पनि छन् ।

श्रीरामकृष्ण– तिमीले उहाँसँग आमा-आमा भनेर प्रार्थना गरेका थियौ । त्यो धेरै राम्रो भयो । भनेको पनि छ, आमाको बाबुभन्दा बढी चाह हुन्छ । आमाप्रति आफ्नो जोर पनि चल्छ, बाबुप्रति चल्दैन ।

त्रैलोक्यकी आमाको जमिनदारीबाट गाडाभरि रूपैयाँ लादिएर आउँथ्यो, साथमा मोटो लाठी लिएका लाल पगडीवाले सिपाहीहरू हुन्थे । त्रैलोक्य बाटामा आफ्ना मान्छेहरू लिएर बस्थ्यो अनि बलपूर्वक सबै पैसा लुटेर लैजान्थ्यो । आमाको सम्पत्तिमा आफ्नो पूरा हक लाग्छ, मान्छेहरू भन्छन्, "छोराको आफूले मुद्दा हाल्न पनि गाह्रो हुन्छ ।"

विजय– ब्रह्म यदि आमा भए, उहाँ साकार हो कि निराकार ?

श्रीरामकृष्ण– जो ब्रह्म हुन्, उनै आद्याशक्ति काली पनि हुन् । जब निष्क्रिय हुन्छन्, उनलाई ब्रह्म भन्छन् । जब सृष्टि, स्थिति, प्रलय, यी सबै काम हुन्छन्, तब उनलाई शक्ति भन्छन् । स्थिर जलसँग ब्रह्मको उपमा हुन सक्छ । पानी जब हलचल गर्छ, तब त्यो शक्तिको–कालीको–उपमा हो । काली ती हुन्, जो महाकालसँग संयुक्त हुन्छिन्, रमण गर्छिन् । काली साकार पनि हुन्, निराकार पनि हुन् ।

तिमीहरू यदि निराकारमा विश्वास गर्छौ भने कालीलाई उसै रूपमा ध्यान गर । एउटा आधारलाई बलियोसँग समातेर उहाँको चिन्ता-ध्यान गर्नाले उहाँले नै बुझाइदिनुहुनेछ कि उहाँ कस्ती हुनुहुन्छ ।

श्यामापुकुर गएपछि तेलीपाडा पनि यहाँ रहेछ भनेर जान्नेछौ । अनि तिमी बुझ्नेछौ कि ईश्वर हुनुहुन्छ । यो मात्र होइन, अझ उहाँ तिमीकहाँ आएर तिमीसँग बोल्नुहुनेछ । कुराकानी गर्नुहुनेछ, जसरी अहिले म तिमीसँग बोलिरहेछु । विश्वास गर, सबै हुनेछ । एउटा अर्को कुरा छ, तिमीलाई निराकारप्रति विश्वास छ भने यही विश्वास दृढ गर । परन्तु कट्टर नबन । उहाँको सम्बन्धमा जोर दिएर नभन्नु कि यस्तो हुनु सक्नुहुन्छ, यस्तो हुनुहुन्छ । बरू भन, मेरो विश्वास छ, उहाँ निराकार हुनुहुन्छ । उहाँ अरू के-के हुनुहुन्छ, त्यो उहाँ नै जान्नुहुन्छ होला । म जान्दिनँ, न त मेरो बुद्धिमा नै अटाउँछ । मानिसको तोला-छटाक बुद्धिले के ईश्वरका कुरा बुझ्न सकिन्छ ? सिलभरको लोटामा के चार सेर दूध अटाउँछ ? उहाँले कृपा गरी कहिल्यै दर्शन दिनुभयो र बुझाइदिनुभयो भने बुझ्न पाइन्छ, नभए त हुन्न ।

"जो ब्रह्म हुन्, उनै शक्ति हुन् र फेरि उनै माता हुन् । रामप्रसाद भन्छन्, "म जुन सत्यको खोजी गरिरहेछु, उनी ब्रह्म हुन्, उनैलाई म आमा भनेर पुकार्छु । यसै कुरालाई रामप्रसादले अर्को एक ठाउँमा दोहऱ्याएका छन्, कालीलाई ब्रह्म जानेर नै मैले धर्म र अधर्म दुवैलाई सधैँका निम्ति छोडिदिएको छु ।"

अधर्म हो, असत् निषेधित कर्म । धर्म हो,

विधिविधानको कर्म, यति दान गर्नुपर्छ, यति ब्राह्मणलाई ख्वाउनु आदि । यी सबै धर्म हुन् ।

विजय– धर्म र अधर्मको त्याग गरेपछि के बाँकी रहन्छ ?

श्रीरामकृष्ण– शुद्ध भक्ति । मैले आमासँग भनेको थिएँ । माता, लौ यो लिनुहोस् आफ्नो धर्म, लौ लिनुहोस आफ्नो अधर्म, मलाई शुद्ध भक्ति दिनुहोस् । लौ लिनुहोस्, आफ्नो पुण्य र आफ्नो पाप, मलाई शुद्ध भक्ति दिनुहोस् । यो लिनुहोस् आफ्नो ज्ञान र यो लिनुहोस् आफ्नो अज्ञान, मलाई शुद्ध भक्ति दिनुहोस् । हेर, मैले ज्ञान पनि चाहिनँ । मैले लोक–सम्मान पनि चाहिनँ । धर्माधर्मको त्याग गरेपछि शुद्ध भक्ति–अमला, निष्काम, अहैतुकी भक्ति बाँकी रहन्छ ।

ब्राहमभक्त– उहाँमा र उहाँको शक्तिमा के भेद छ ?

श्रीरामकृष्ण– पूर्ण ज्ञान भएपछि दुवै अभेद हुन् । जस्तो मणिको ज्योति र मणि अभेद छन्, मणिको चमक चिन्ता गर्दा नै मणिको चिन्ता गरिन्छ । त्यस्तै दूध र दूधको धवलता (सेतोपन) जसरी अभेद छन्, एउटालाई सम्झना गर्दा अर्कोलाई पनि सोच्नैपर्छ । तर यो अभेद ज्ञान पूर्ण ज्ञान नभइकन हुँदैन । पूर्ण ज्ञान भएपछि समाधि लाग्छ । त्यसबखत मानिस चौबिस तत्त्वहरूबाट पर जान्छ, यसैले अहम् तत्त्व रहन जाँदैन । समाधिमा कस्तो अनुभव हुन्छ, शब्दमा भनेर व्यक्त हुँदैन । तल ओर्लिएपछि केही केही आभास बताउन सक्छ । समाधि छुटेपछि जब म ॐ ॐ भन्छु, बुझ्नु कि म कम से कम सय हात तल आएको हुन्छु । ब्रह्म वेद र विधिदेखि पर छन्, वाणीमा आउँदैनन् । त्यहाँ 'म, तिमी' आदि रहन्न । अभेद दर्शन ।

"जबसम्म म र तिमीमा यो भाव हुन्छ, तब म प्रार्थना गरिरहेछु वा ध्यान गरिरहेको छु, यो ज्ञान हुन्छ र तिमी (ईश्वर) प्रार्थना सुन्छौ, यो ज्ञान हुन्छ । अनि त्यसबखत ईश्वरको अस्तित्वको पनि बोध हुन्छ ।

त्यसबखत भन्नुपर्छ, हजुर प्रभु हुनुहुन्छ, म दास, हजुर पूर्ण हुनुहुन्छ, म अंश, हजुर माता हुनुहुन्छ, म पुत्र ।' यो बोध रहन्छ र यो भेद बोध हो, म एक अलग हुँ, तिमी एक अलग हौ, यस्तो भेद उहाँले नै गराउनुहुन्छ । यसैले स्त्री र पुरूष, उज्यालो र अँध्यारोको ज्ञान हुन्छ । जबतक यो भेदभाव रहन्छ, शक्तिलाई मान्नुपर्नेछ ।"

"उहाँले नै हामीभित्र म राखिदिनुभएको छ । चाहे हजार विचार गर 'म' जाँदैन । अनि जबसम्म म छ, तबसम्म ईश्वर साकार रूपमै भेटिनुहुन्छ ।"

"यसैले जबसम्म 'म' छु, भेद बुद्धि छ, तबसम्म ब्रह्म निर्गुण हो, यो भन्ने अधिकार हुँदैन, त्यसबखतसम्म सगुण ब्रह्म नै मान्नुपर्छ । यही सगुण ब्रह्मलाई पुराणहरूमा, तन्त्रहरूमा काली या आद्याशक्ति भनिएको छ ।"

विजय– आद्याशक्तिको दर्शन र ब्रह्मज्ञान कसरी होला ?

श्रीरामकृष्ण– हृदयदेखि विकल भएर उहाँसँग प्रार्थना गर र रोऊ । चित्त शुद्ध हुन जानेछ । निर्मल पानीमा सूर्यको बिम्ब देखिन्छ । भक्तिको 'म'रूपी ऐनामा त्यस सगुण ब्रहम आद्याशक्तिको दर्शन हुनेछ, परन्तु ऐनालाई खुब साफ राख्नुपर्छ, 'मैलो रहेपछि साँचो प्रतिबिम्ब पर्दैन ।'

'म'रूपी पानीमा सूर्यलाई तबसम्म यसैले हेरिन्छ कि सूर्य हेर्ने अर्को अरू उपाय छैन र प्रतिबिम्ब सूर्यलाई छोडेर यथार्थ सूर्य हेर्ने जबसम्म कुनै अर्को उपाय पाइँदैन, तबसम्म त्यही प्रतिबिम्ब सूर्य सोह्रै आना साँचो हो । जबसम्म 'म' सत्य छ, तबसम्म प्रतिबिम्ब सूर्य पनि सोह्रै आना सत्य हो । त्यही प्रतिबिम्ब सूर्य आद्याशक्ति हुन् ।"

"यदि ब्रह्मज्ञान चाहन्छौ भने त्यही प्रतिबिम्ब सूर्यलाई समातेर सत्य–सूर्यतर्फ जाऊ । त्यस सुगण ब्रह्मसँग जो प्रार्थनाहरू, पुकारहरू सुन्नुहुन्छ, बिन्ती बिसाऊ । उहाँले नै ब्रह्मज्ञान दिनुहुन्छ किनकि जो सगुण ब्रह्म हुनुहुन्छ, उहाँ नै निर्गुण ब्रह्म पनि हो, जो शक्ति हुनुहुन्छ, उहाँ नै ब्रह्म पनि हो, पूर्ण ज्ञान भएपछि दुवै अभेद हुन जान्छन् ।"

"माता ब्रह्मज्ञान पनि दिनुहुन्छ, परन्तु शुद्ध भक्त कहिल्यै ज्ञान चाहँदैन ।"

"अर्को एक मार्ग छ, ज्ञानयोग तर यो बडो कठिन छ । ब्राह्मसमाजवाला तिमीहरू ज्ञानी होइनौ, भक्त हौ । जो ज्ञानी हुन्, उनीहरूलाई विश्वास हुन्छ कि ब्रह्म सत्य हो र संसार मिथ्या स्वप्नवत् ।"

"उहाँ अन्तर्यामी हुनुहुन्छ । उहाँसँग सरल र शुद्ध मनले प्रार्थना गर । उहाँले सबै बुझाइदिनुहुनेछ । अहङ्कार छोडेर उहाँको शरणमा जाऊ, सबै पाउनेछौ । सब बुझ्नेछौ ।"

यति भनेर श्रीरामकृष्ण गाउन लाग्नुभयो, "मन ! आफू आफैँमा रहे । कुनै अर्कोको घरमा नगए ।

जो कुछ चाहन्छस् बसी–बसी पाउनेछस्,

अन्तपुरमा अलिकति खोज त सही ! त्यो पारस-पत्थररूपी परम चिन्तामणि धन हो । जो केही चाहन्छस्, उहाँले तँलाई सबै दिन सक्नुहुन्छ, चिन्तामणिको नाट्यशालाको आँगनमा कति धेरै मणिहरू यसै पडिरहेका छन् ।"

श्रीरामकृष्णले फेरि भन्नुभयो, "जब समाजबाहिरका मानिसहरूसँग भेटघाट गर्छौ, सबैलाई प्रेमसँग भेट गर्नु, उनीहरूसँग मिलेर एकै हुनु अनि द्वेषभाव अलिकति पनि नराख्नू ।" "त्यो मानिस साकार मान्छ, निराकार मान्दैन, त्यो निराकार मान्छ साकार मान्दैन, त्यो हिन्दु हो, त्यो मुसलमान हो, त्यो क्रिस्चियन हो," भनिकन घृणाले नाक नखुम्च्याउनु । किनकि उहाँले जसलाई जसरी बुझाउनुभएको छ, उसमा त्यस्तै बुद्धि हुन्छ । परमात्माले नै मानिसहरूलाई भिन्न-भिन्न दृष्टिकोण राखिदिनुभएको छ । यसैले बुझ कि सबैको प्रकृति भिन्न-भिन्न हुन्छ । यो जानेर तिमी जहाँसम्म हुन सक्छ, अरूहरूसँग मिलेरै बस्ने चेष्टा गर्नु र तिनलाई प्रेम गर्नु । त्यसपछि आफ्नो घरमा शान्ति र आनन्द भोग गर । हृदयरूपी घरमा ज्ञानदीपक बालेर ब्रह्ममयीको मुहार हेर । आफ्नै घरमा आफ्नो स्वरूप देख्न सक्नेछौ । गोठालाहरू जब गाई चराउन लिएर जान्छन्, गौचरमा सबै गाईहरू एकै भएर मिल्छन् । साँझका बखत आआफ्नो गोठमा जाँदा गाई फेरि अलगै-अलगै हुन्छ । यसैले म भन्छु, आफ्नो घरमा आफू आफैँमा नै रहनू ।"

रातको दश बजेपछि, दक्षिणेश्वर जानका लागि श्रीरामकृष्ण गाडीमा चढ्नुभयो । साथमा एक-दुईसेवक भक्त पनि छन् । घोर अँध्यारो छ, घोडागाडी एउटा वृक्षमुनि खडा छ । वेणीपाल रामलालका लागि पूरी मिठाई गाडीमा राखिदिन आए ।

वेणीपाल- महाराज, रामलाल आउन सकेनन्, उनका लागि यिनीहरूको हातमा केही पुरी मिठाईहरू पठाउन चाहन्छु, हजुरले आज्ञा दिए ।

श्रीरामकृष्ण- (हडबडाएर)- ए बाबु वेणीपाल ! तिमी मसँग यी सबै कुरा नपठाऊ । यसले मलाई दोष लाग्छ । मैले आफूसँग कुनै चिजको सञ्चय गरेर राख्नुहुन्न । तिमीले अर्को नठान्नू ।

वेणीपाल- हजुरको जो आज्ञा, हजुर, आशीर्वाद दिनुहोस् ।

श्रीरामकृष्ण- ओ हो, आज खुब आनन्द भयो । हेर, जसको दास अर्थ हुन्छ मानिस उही हो, जो मानिसहरू अर्थको व्यवहार जान्दैनन्, उनीहरू मानिस भएर पनि मानिस होइनन् । अनुहार त मानिसकै जस्तो हुन्छ । परन्तु व्यवहार पशुको जस्तो । तिमी धन्य छौ । यति कसो भक्तहरूलाई तिमीले आनन्दित बनाइदियौ । क्रमशः

अनुवादकः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

स्रोतः श्रीरामकृष्ण वचनामृत

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

भगवान् श्रीपशुपतिनाथका भण्डारीहरू

शङ्करमान भण्डारी

भगवान् श्रीपशुपतिनाथको सेवामा हरतरह खटिने भण्डारीहरूको इतिहास ज्यादै मार्मिक छ । मूलतः चार कवलका भण्डारीहरूका बारेमा इतिहासदेखि वर्तमानसम्मका केही उल्लेख्य प्रसङ्ग छन् ।

देवपत्तन शहर (ग्वल) सातौं/आठौं शताब्दीतिर नरेन्द्र देवका माइला छोरा शिवदेव द्वितीयले स्थापना गरेका थिए । उनले वि.सं. ७५०-७९० सालको समयमा नौ जात, नौ टोल, नौ डवली, नौ चोक, नौ पोखरी गरी नौ नौ गुणामा एकासी थरी भौतिक सम्पदाहरू निर्माण गरी मानव जातको वस्ती बसालेर शहर व्यवस्थित गरेका थिए । त्यस समय यो ग्वल शहर (सुवर्णपुर त्रिशूल आकारको शहर)का आदि जाति नौ थरिमध्येका भण्डारी पनि एक हुन् ।

पशुपतिनाथका पहिलो भण्डारीको इतिहास यिनैको पालामा जोडिन पुग्दछ । यो भण्डारी समूहलाई भनिवो कवल भनी नामाकरण गरिएको छ । यो समूहमध्येका एक जनालाई सबैको सहमतिबाट मूल पुजारीबाट पशुपति भण्डार तहविलका विशेट नाइकेको उपस्थितिमा मूल भण्डारीमा (भण्डारी नाइकेको रूपमा) नियुक्ति गरी आवश्यक काम, कर्तव्य पालन गर्न छुट्टै विशेष अधिकार दिइन्छ । यो कवलका भण्डारीहरू देवपत्तनको पाचाटोल (बात्ने टोल) मा बसोबास गर्छन् । यो कवलका मूल भण्डारी भगवान् पशुपतिनाथको मूल ढुकुटीमा प्रत्येक वर्ष बालाचतुर्दशीको अघि र पछिल्लो दिनमा प्रवेश गर्ने भण्डारी हुन् ।

त्यस्तै वि.सं. ११५६ तिर (वि.सं. ११०२-११५९सम्म) नेपालमा पहिलो पटक अग्नीमठका शङ्कराचार्य स्वामी तराईको सिंम्रौनगण राज्य (भारतको सिमाना जोडिएको मध्ये तराइमा पर्ने रौतहटको भूभाग)बाट आउँदा तिनले सिंम्रौनगढ राज्यका भण्डारी आफ्नो साथमा ल्याएका थिए । ती मध्ये एक जनालाई भगवान् पशुपतिनाथको दर्शन गराई यहाँको पूजा विधिलाई व्यवस्थित गर्न मन्दिर भित्र बाहिर विधि बन्देज गरी पशुपतिनाथको भण्डारीमा भर्ती गराई त्यसको थप व्यवस्था समेत मिलाई पहिलेको भण्डारी सरह काम जिम्मा लगाएर नौ टोलमध्ये ज्योन टोल (दथुटोल)मा वस्ती बसाली गएका मानिन्छ । यो भण्डारी समूहको पनि एक जना नाइकेलाई मूल भण्डारीको पद दिई पहिलेको कवलमा व्यवस्थित गरिए जस्तै काम कर्तव्य तोकी जिम्मेवारी दिइएको छ । यो भण्डारी समूहलाई दथु कवल भनी नामाकरण गरिएको छ ।

त्यसै गरी वि.सं. १३६४ सालतिर पश्चिम वंगालका राजा शम्सदिन शाहले श्रीपशुपतिनाथ मन्दिर प्राङ्गणको देवदेवी गणको मन्दिर मूर्तिहरू लगायत मूल मन्दिरमा समेत क्षति पुऱ्याए । यसरी क्षतविच्छेद गरेका मूर्ति र मन्दिरका भाग मर्मत गराई जीर्णोद्धार गर्न पनौती ईन्द्रेश्वर महादेवको मन्दिर जीर्णोद्धार गर्ने वनेपाका महाराज अनन्तदेव आफ्नो दरवारका निजी भण्डारीहरू दुई दाजुभाइलाई पनि साथमा लिएर आए । उनले यहाँ पशुपति देवपत्तनमा मन्दिर जीर्णोद्धार गराई आफ्नो बाँकी सम्पत्ति समेत भगवान् पशुपतिनाथमा चढाई साथमा ल्याएका दुई दाजुभाइलाई भण्डारीमा भर्ना गराए । उनले ती दुई दाजुभाइलाई पहिलेका अरू भण्डारीसरह पशुपतिको काममा जिम्मा लगाई आफ्नो कर्तव्य पालन गर्न नियमको व्यवस्था गराएर गएका थिए ।

यी दुई दाजुभाइ भण्डारीहरूलाई अलग अलग समूहमा बाँडी दाजुको कवललाई कोफ्ले र भाइको समूहको कवललाई मतमण्डल भनी नामाकरण गरियो । अरू कवलमा जस्तै समूहको नाइके मध्ये एक एक जनालाई मूल भण्डारीको पद व्यवस्था गरी दुई कवलमा दुई जना मूल भण्डारीमा नियुक्त गरियो । नौ टोलमध्येकै पाचाटोलको ओरालोतिर शुरुको वस्तीमा र ओरालो पछिको मूल

दोवाटोको दक्षिणतिरको बाटोको छेउमा दाजुको कोफ्ले कवलका भण्डारी बसेका थिए भने पशुपति मन्दिरको पश्चिम मूल ढोका बाहिरको बजार लगनलाछी टोल र सोही टोलको दक्षिण दिशाको झम्केश्वरी मन्दिर वरिपरिको कोलाछी टोलमा भाइका मतमण्डल कवलका समूह भण्डारी बसेका थिए ।

यसरी चार कवलको रूपमा पशुपतिनाथका भण्डारीहरू अलग अलग समूहमा बाँडिई बस्दैआएका छन् । यिनले पशुपतिमा आ–आफ्नो कवलको रोलक्रम आउँदा आलोपालो गरी पशुपतिनाथको मन्दिरमा एक एक महिना पालो बसी भगवान्‌को नित्य नैवेद्य तयार गरी पूजा चलाई दिने जिम्मा लिई दैनिक मन्दिरमा प्रवेश भई ती पूजाहरूमा सहभागी भई आफ्नो कर्तव्य पालन गर्दैआएका छन् ।

भण्डारीको काम

चार कवलले आ–आफ्नो पालो अनुसार पशुपतिनाथको दैनिक नित्य नैमित्यिक पूजामा जिम्मेवारी निर्वाह गर्नुपर्दछ । मन्दिरमा बस्ने पालो आएपछि व्रतवन्ध गरेका मध्ये जन्मदर्ताको आधारमा ज्येष्ठ भण्डारीले त्यो पालोमा आफू र अन्य दुई सहयोगी भण्डारीहरूलाई विश्वासमा लिई मन्दिरमा पालो बस्ने चलन छ । यसरी पालो बस्न जाँदा शुरूमा सबैले आ–आफ्नो कपाल खौरी, नङ काटी दैनिक नुहाई, चोखो धोती, कपडा लगाई चोखो भई, एकचित्त रहेर मात्र मन्दिर प्रवेश गर्नुपर्ने परम्परा छ ।

मन्दिर प्रवेश गरेपछि दैनिक नित्य पूजामा चढाएको प्रसाद तथा सात्विक भोजन एक छाक मात्र खाई निष्ठाकर्मका साथ एक महिनासम्म भगवान्‌को सेवा गर्ने गर्नुपर्दछ । उक्त महिनाभित्र पर्ने मेला पर्व (नैमित्यिक) पूजा चलाउने, दैनिक नित्य पूजालाई चाहिने श्रीखण्ड चन्दन घोट्ने, दैनिक आवश्यक पूजा सामग्री तयार गरी पूजा हुँदा पुजारी भट्टहरू र मूल भट्टलाई विहान बेलुकाको नित्य पूजामा र बेलुकी आरति हुँदा समेत सघाउनु पनि पालोवाला भण्डारीको कर्तव्य हुन आउँछ ।

पूजा सकिएपछि पूजामा प्रयोग भएका भाँडा वर्तन धोई, पखाली सफा गरी यथास्थानमा राख्नु पर्दछ । आवश्यक पर्दा पूजामा पुनः प्रयोग गर्न ती सामान झिक्ने गरी सामानहरूको भण्डारण र रेखदेख गर्ने, पूजा सकिएपछि मन्दिरको गर्भगृह (भगवान् भएको स्थान) र पश्चिम ढोका भित्र (चाँदीको सानो नन्दी भएको स्थान) भूँइ पखाली पुछी सफा राख्नु पर्दछ । दैनिक विहान सबेरै मन्दिरको पश्चिम मूल ढोकामा लगाउने ताला साँचो खोल्ने र पूजा सकेपछि दिउसो, बेलुका पुनः साँचो लगाउने, अन्य बाँकी वरिपरिको तीन ढोका बाहिर लगाउने साँचोको समेत जिम्मा लिएर मात्र रातमा आराम गर्नुपर्दछ । तर, मेला पर्वमा राति मन्दिर खोली राख्नुपर्दा र केही छिन् खोल्नु पर्दा साँचो लिएर आवश्यकताअनुसारको समयसम्म साँचो खोली मन्दिरमा आफ्नो दिउँसोजस्तै पूजाको काममा खोल्ने सधैं जस्तै जल, पञ्चामृत, फलहरू, पञ्च पकवान नैवेद्य, रोटी पछि चढाउन समेत राखिदिनु पर्दछ । तत्काल चढाउनु पर्ने भए भगवान्‌को पाऊमा नछोई अलग चढाइदिने र धुपवत्ती बालिदिने साथै आवश्यकताअनुसार भगवान्‌को जल, चन्दन र फूलप्रसाद भक्तजनहरूलाई बाँडीदिने गर्नुपर्दछ ।

भक्तजनले चढाएका पञ्चामृत, फलफूल रोटी मन्दिरको नियम (वि.सं. १८५८ सालको अन्तिम लालमोहर) अनुसार चार जना भट्ट पुजारीहरू र पालोवाला भण्डारीहरूले दामासायीले भाग लगाई बाँढेर लिनुपर्दछ । भट्ट पुजारीहरूको भाग उहाँहरूकै घरघरमा काम गर्ने कामदारहरूलाई दिई पठाउने काम पनि पालोवाला भण्डारीले नै गर्नुपर्दछ । त्यसै गरी हरेक महिनाको महास्नानको पञ्चामृतको बालभोगको रोटी चिउरा, फलफूल पनि मन्दिरको नियमअनुसार भट्ट भण्डारीहरूलाई भाग लगाई सबैको घरघरमा पठाउने काम पालोवाला भण्डारीहरूबाट नै गर्नुपर्दछ ।

जस्तोसुकै मौसममा पनि एक महिनासम्म दैनिक बिहानदेखि बेलुकासम्म भगवान्‌को सेवामा रही आरति सिद्धिएर मन्दिर बन्द गर्दासम्म पालोवाला भण्डारीले दैनिक करिव १३/१४ घण्टासम्म काम गर्नुपर्दछ । शिवरात्रिको मेला पर्वमा साविकका दिनका अतिरिक्त छुट्टै अनवरत १३/१४ घण्टा बढी काम गर्नुपर्दछ । अरू मेला पर्व तिज, बालाचतुर्दशी, पवित्रारोहण, छायाँदर्शन र हरेक महिनाको पूर्णिमा तिथि पर्वमा ३ देखि ५ घण्टा बढी काम गर्नुपर्दछ । त्यस्तो समयमा झन् दिनको एक छाक भोजन गर्न पनि पाउँदैनन्; फलफूल, रोटी, दुध खाएर काममा खट्नु पर्दछ ।

पालोवाला भण्डारीले आफ्नो घरमा शुद्ध गरी पकाएको खाना रात्रिमा एक छाक मात्र खाने साथै फलफूल, रोटी, चिउरा, तरकारी दुध खाने चलन छ । यसरी शुद्ध खाना खाई पहिले पहिले आफ्नो पालोभरि एक महिनाभर राति मन्दिर बाहिरको सिंहमर्मरको पेटीमा सुकुलमाथि ओछ्यान लगाई मन्दिरको छाना मुनी खुल्ला आकाश हेरी सुत्ने चलन थियो । तर करिव १५-२० बर्ष अघिदेखि पालोवाला भण्डारीहरूलाई मन्दिर वरिपरिको भण्डार तहविल कार्यालयसँगै जोडिएको पाटी सत्तलमा छुट्टै सुत्ने व्यवस्था गरिएको छ । पालोवाला भण्डारी, मूल भण्डारीहरू र अन्य रैरकमी कर्मचारीहरू पनि पहिला पहिला जस्तै त्यसरी खुल्ला आकाशमुनि चिसो भूईमा सुत्नु पर्दैन । कोही रैरकमी कर्मचारीहरू पनि दिउँसो काम सकेर बेलुका आलोपालो गरी सुत्न आउनु पर्दछ । त्यस्तै मूल भण्डारी पनि घरबाट बाहिर आई मन्दिर प्राङ्गण वरिपरि आफ्नो पालो भरि सुत्न आउनु पर्दछ ।

पालोवाला भण्डारीले आफ्नो पालो अवधिमा हरेक हप्ताको शनिबार बेलुका भगवान् पशुपतिनाथको नित्य पूजा र सन्ध्याकालको आरति सकेर मन्दिरको मूल ढोका बन्द गरी भैरवको सेवामा खटिनु पर्छ । मन्दिर भित्र तयार गरेको पूजा सामग्री र आफ्नो घरबाट तयार गरी ल्याएको भैरवनाथलाई चढाउने विशेष बालभोग प्रसाद (नेवारी चलनअनुसारका खाद्यान्न) समेवजी, कुखुराको फुल, रक्सी (अग्निकला) समेत राखी मन्दिरको आग्नेय कुनामा रहेको मुखमात्र बाँकी रहेको कीर्तिमुख भैरवनाथलाई चढाउनु पर्छ । पशुपतिनाथ मन्दिरका पालोवाला भण्डारीले विधिपूर्वक कौलाचार्य रूपमा भैरवको पूजा गरी पूजामा चढाएको प्रसाद सबैले अलिअलि लिएर खानुपर्दछ । अनिमात्र आफ्नो घरमा गई साविक वेलुकाको चोखो खाना खान जानु पर्दछ । साथमा अरू मांशहारी खाने कुरा पनि खान मिल्दछ ।

त्यसको भोलिपल्ट नुहाइ पुनः चोखो लुगा/धोती फेरेर मन्दिर प्रवेश गरी साविक अनुसारकै काम गर्नुपर्दछ । आफ्नो पालो सकिए पछि फेरि कुनै एउटा शनिबार बिहान आफ्नो घरबाट पूजा तयार गरी बलिको रूपमा कुखुराको फुल वा भाले, बोका, राँगो आफ्नो गच्छेअनुसार/इच्छाअनुसारको बलि लिएर क्षमा पूजा गर्न जानुपर्दछ । कीर्तिमुख भैरवमा बलि चढाएको सामग्री घरमा लगी पकाई जेष्ठताका आधारमा प्रसादका रूपमा बाँडेर खानुपर्दछ । यसरी क्षमा पूजा गरिसकेपछि मात्र आफ्नो पालो चलाई आएको काम कर्तव्य पुरा गरेको मानिन्छ । त्यो क्षमापूजा नसकेसम्म पालो चलाएको पूरा भएको मानिदैन ।

चार कवलका भण्डारीहरूमध्ये मूल भण्डारीहरू मिली उनीहरूकै सकृयतामा गुठी चलाउनु पर्दछ । पहिलेका राजा महाराजाले स्थापना गरी पशुपतिनाथलाई अर्पण गरेको भण्डारी गुठीलाई जेष्ठताको आधारमा कौलाचार्य विधिबाट आआफ्नो पालो परेको वर्षमा गुठीको नियमअनुसार सबै भण्डारीहरूले आफ्नो जीवनमा एक पटक गुठी चलाउनुपर्छ । गुठी हरेक वर्ष माता गुह्येश्वरी माताको जात्रा मनाइने दिन मङ्सिर कृष्ण पक्षको दशमी तिथिमा चलाइन्छ ।

सो दिन बेलुका मूल भण्डारीहरू समेत भई पशुपति मन्दिरमा पालो पाउने चारै कवलका सबै भण्डारीहरूलाई रोलक्रममा बसाली सालको पातमा गुठीको नियमअनुसार भोजको सामग्री परिकार राखी एक छाक भोजन खुवाउने गर्नुपर्छ । त्यस दिनमा दिउँसो पशुपतिनाथका अमालकोट कचहरी कार्यालयबाट छ भारी वरावरको दाउरा मगाइन्छ । त्यसरी ल्याएको दाउरा मध्ये २ भारी दाउरा पालोवाल मूल भण्डारीलाई देखाई भान्छे बाहुन वा तलुवाल विशेतलाई बुझाउनु पर्छ । सो दाउराले पशुपति भण्डारको भान्छामा पानी तताउनु पर्छ । त्यो तातोपानीले भगवान्लाई मिन पचासको शुभारम्भ स्नान गराइन्छ र बाँकी ४ भारी दाउरा पछि मूल गुठी चलाउँदा सुकेको दाउराको रूपमा प्रयोग गरिन्छ ।

त्यस्तै हरेक वर्ष घोडेजात्राको बेलामा मनाउने पाँहचरे जात्रामा बत्सलेश्वरी माताको मन्दिरमा पशुपतिनाथका चारै जना मूल पुजारी र अन्य पुजारीहरूको निवासबाट पूजा तयार गरी अर्को छुट्टै कौलाचार्यबाट समेत नैवेद्य सामग्री तयार गरिन्छ । पूजासँग बलिको रूपमा बोका पनि लिएर जानु पर्छ । भगवान् पशुपतिनाथका चारै कवलका मूल भण्डारी नाइकेहरू खटेर देवीको सेवा पूजा गर्ने कामको जिम्मेवारी सबै भण्डारीहरूको तर्फबाट प्रतिनिधित्व गरी पूरा गर्ने कर्तव्य हरेक मूल भण्डारीबाट गरिन्छ । त्यसै अनुरूप हरेक सालको असोज महिनाको बडा दशैंको महाष्टमी र महानवमी तिथिको दिन कालरात्रि पूजा गर्न

पशुपतिनाथको नैऋत्य कुनाको अष्टमातृका (षष्टमातृका) देवीमा महानवमी कालरात्रि पूजा र राजराजेश्वरी मन्दिर अगाडिको चोकस्थित नवदुर्गा माताको मन्दिरमा महानवमी रात्रि पूजा गर्ने पशुपतिनाथका भण्डार तहविलका विशेत नाइके, विशेतहरूका साथै त्यहाँका कर्माचार्य पुजारीहरूसँग बसेर ती देवीहरूको कौलाचार्य रूपको विशेष पूजा लिएर पूजामा सरिक भई बस्ने कर्तव्य पनि चार कवलका नाइके मूल भण्डारीहरूको नै हुने गर्दछ ।

दशमीको दिनमा मूल पुजारी कहाँ रैरकमी कर्मचारीको तर्फबाट मूल भण्डारीहरूले बेलुकी दशैको टीका थाप्न जानुपर्छ । त्यसरी विशेष दिनमा मात्र नभई घटस्थापनादेखि नवमी नौ दिनसम्म नौरथा भरि पशुपतिनाथका मूल पुजारी, सहायक पुजारीहरूसँग मन्दिरमा पालो बसेका भण्डारीले तयार गरिदिएका गुह्येश्वरीमाताको पूजा मन्दिरबाट लिएर पालोवाला मूल भण्डारी र अरू कवलका मूल भण्डारीहरू, विशेत नाइके, कोटवाल, माकपिवा, ढोकापाले, कर्मचारी, भान्छे बाहुन, प्रहरी जवान, अन्य भक्तजन, पालोवाला भण्डारी समेत आर्यघाट, वत्सलेश्वरी प्राङ्गण, विश्वरूप, गुरू गोरक्षनाथ मन्दिर भएर गुह्येश्वरी मन्दिर प्राङ्गण पुग्दछन् । पूजामा भट्ट पुजारीलाई आवश्यक सहयोग पालोवाला भण्डारी, मूल भण्डारी र अरू भण्डारीले गरिदिन्छन् । पूजा सकेपछि गुह्येश्वरी मन्दिरका पालोवाला कर्माचार्य पुजारीबाट माताको प्रसाद, क्रमशः मूल पुजारी, पुजारी, पालोवाला मूल भण्डारी, भण्डारी, अन्य कवलका मूल भण्डारीलाई प्रदान गरिन्छ ।
नौरथाको अन्तिम दिन नवमीमा पश्चिम ढोका बाहिर कैलाश चउरको डाँडा उक्लेर गौरीघाट भई वाग्मती किनारबाट जाने र साविक गोरखनाथको मन्दिर भएर आउने गरिन्छ ।

त्यसै गरी बालाचतुर्दशीको अघिल्लो एकादशी तिथिमा भनिनो कवलका मूल भण्डारीले माता बत्सलेश्वरीमा बोको समेत बलि दिई पुजारीबाट भलम्वहरे पूजा गरिन्छ भने महाशिवरात्रिको चहरे पूजा भगवान् पशुपतिनाथको रात्रिकालिन पूजा, कीर्तिमुख भैरवमा बलिसहित पूजा र गुह्येश्वरी मन्दिरमा पनि बलिसहितको पूजा दःथु कवलका मूल भण्डारीबाट गर्नुपर्ने परम्परा रहेको छ ।

यस्तै प्रकारले भगवान् पशुपतिनाथको कुनै गरगहना भाँडा वर्तन टुटफुट भएमा बाँडा आई मन्दिर प्राङ्गणमा त्यो सामान बनाउन आउँदा या बाहिर लगेर बनाएर ल्याउने काममा अगाडि बसी निरीक्षण गर्ने कर्तव्य पनि मूल भण्डारीहरूको नै हो ।

मन्दिर भित्र वा बाहिर भगवान्‌को काममा सरिक भई निरीक्षण गर्ने मात्र होइन हरेक दिन विहान मूल पुजारी आफ्नो निवासबाट मन्दिर आउन तयार हुँदा उहाँको निवास पुगी मूल पुजारीलाई साथमा लिई मन्दिर प्राङ्गण घुमाई मूल मन्दिरको पश्चिम गेटसम्म पुर्‍याएर पालोवाला भण्डावरीले शिरमाला दिलाई मन्दिर प्रवेश गराउने कर्तव्य मूल भण्डारीहरूको हुने गर्दछ । त्यस्तै मन्दिरको विषयमा आवश्यक सल्लाह कसैले माग्दा नाइकेलाई आफ्नो काम गराइको अनुभवमा आवश्यक सल्लाह सहयोग गर्ने कर्तव्य पनि मूल भण्डारीहरूकै हुने गर्दछ । यस्तो सल्लाहको जरूरत परेमा आफूभन्दा अग्रज भण्डारीहरूसँग सोधखोज गरी आफ्नो निर्णय पछि राख्न पनि सकिन्छ ।

मूल भण्डारीहरूले हरेक महिनामा पालो सार्दा एक भण्डारीबाट अर्को भण्डारीलाई मन्दिरको गरगहना बरबुझारथ गर्नु पर्ने हुन्छ । यसक्रममा चारै कवलका मूल भण्डारीहरू र अन्य सम्बन्धित व्यक्ति बस्नु पर्ने हुन्छ । हरेक वर्ष देव देवीको पूजा कार्यमा सरीक भई लाग्नु मूल भण्डारी र भण्डारीहरूको मुख्य कर्तव्य हो । त्यस्तै प्रत्येक महिनाको पूर्णिमाको दिन बेलुका महास्नान गर्दा भगवान्‌मा चढाइने पञ्चामृत र पशुपति गोश्वराबाट ल्याएको बालभोग, पञ्च पकवान, लाखमरी (रोटी) नियमानुसार (वि.सं. १९५८ सालको लाल मोहर अनुसार) आफू सहित भट्ट, भण्डारी, विशेत नाइके, विशेत, कोटवाल, भान्छे, ब्राह्मण, गहना जाँच्ने बाँडा समेतलाई भाग बाँडिदिने काम, कर्तव्य पनि पालोवाला मूल भण्डारीहरूको नै हो । ती काम गर्दा मूल भण्डारीहरूलाई अरू भण्डारीहरूले पनि सघाउनु पर्छ ।

बालाचतुर्दशीको एक दिन अगाडि र भोलिपल्ट भगवान्‌लाई पहिर्‍याएको विशेष चाँदीको मुकुट, कवज, मूल ढुकुटीबाट झिक्ने, राख्ने, चढाएका सुन चाँदीका जिन्सी सामान ढुकुटीमा राख्ने काम गर्नुपर्छ । मूल कवलका मूल भण्डारी, आवश्यक परे अरू मूल भण्डारीहरू, नाइके सहित अफिसको रोहवरमा थप व्यक्तिहरू पनि ढुकुटीमा जान सक्छन् । ❖

पशुपति, कामाडौं

धर्म, संस्कृति र आध्यात्मिक जागरणको महामिलन:
श्रीगण्डकी शत कुण्डिय गायत्री कोटिहोम महायज्ञ



–भागवतश्री न्यौपाने

सद्ज्ञानकी अधिष्ठात्री देवी गायत्री एवम् सत्कर्मका पिता यज्ञ हुन् । यही ज्ञान र सत्कर्मलाई एकै ठाउँमा सामन्जस्य गराउँदै बालयोगेश्वर विजयकृष्णमूर्तिजी महाराजको सत्सङ्कल्पमा श्री मानव सेवा फाउण्डेशन नेपालमार्फत गण्डकी प्रदेशको पोखराको वाराहीघाट क्षेत्रमा २०८१ वैशाख १७ देखि जेठ २६ गतेसम्म भव्य रूपमा 'श्रीगण्डकी शत कुण्डीय गायत्री कोटिहोम महायज्ञ' आयोजना हुँदैछ । यस दिव्य अनुष्ठानमा चैत्र १७ गतेदेखि श्रीरामकथा तथा चैत्र २८ गतेदेखि श्रीहनुमत कथाको वाचन समेत हुनेछ, जसले श्रद्धालु भक्तजनहरूप्रति आध्यात्मिक ज्ञान प्रदान गर्नुका साथै धार्मिक भावनालाई समेत जागृत गर्नेछ । यस अघि पवित्र पाशुपत क्षेत्रमा महाराजजीकै सत्सङ्कल्पमा २०८१ साउन १ देखि ३२ गतेसम्म श्रीपशुपति कोटीहोम विराट ज्ञानमहायज्ञ दिव्य तथा भव्यरूपमा सम्पन्न भइसकेको छ । विश्व शान्ति तथा समग्र मानव कल्याणको हितको निस्वार्थ भाव सहित सम्पन्न सो अलौकिक कोटीहोमको सद्प्रभाव स्वरूप नै यस पटक पनि वृहद् अनुष्ठान आयोजना गरिँदैछ । राष्ट्र शान्ति तथा विश्व कल्याणसँगै पोखरालाई मुक्तिद्वारका रूपमा प्रचार गर्न साथै गण्डकी प्रदेशका धार्मिक तीर्थस्थल एवम् पुरातात्त्विक सम्पदाहरूलाई विश्वभर चिनाउने यस महायज्ञको अभिलक्ष्य रहेको छ । यसका साथै यज्ञशेषबाट गण्डकी प्रदेशका अनाथ, विपन्न बालबालिकाहरू तथा असहाय ज्येष्ठ नागरिकहरूको पालन तथा संरक्षण गर्ने परोपकारी उद्देश्य पनि यसैसाथ जोडिएको छ ।

यज्ञ भनेकै सामूहिकताको प्रतीक हो । अन्य पूजा वा धार्मिक प्रक्रियाहरू एक्लै गर्न सकिन्छ तर यज्ञ त्यस्तो कार्य हो जसको लागि धेरै मानिसहरूको सहयोग आवश्यक पर्दछ । कोटिहोम यज्ञहरू सधैं सामूहिक सहयोगबाट नै सम्पन्न हुन्छन् । हिन्दु समुदायको हरेक शुभ कार्य, हरेक चाडपर्व, हरेक उत्सव र हरेक अनुष्ठान यज्ञबाट समापन हुन्छ । यज्ञ सनातनीहरूको सबैभन्दा स्वीकृत र प्राचीन वैदिक पूजा हो । सम्पूर्ण सनातनीहरूमा धार्मिक तथा भावनात्मक एकता ल्याउनका लागि यज्ञ अनुष्ठानलाई विश्वव्यापीरूपमा स्वीकार्नु हरेक हिसाबले दूरदर्शी छ ।

यज्ञ विना हाम्रा कुनै पनि शुभ वा अशुभ धार्मिक कार्यहरू पूर्ण मानिँदैनन् । जन्मदेखि अन्त्येष्टिसम्म १६ वटा संस्कारहरू छन्, जसमध्ये अधिकांशमा अग्निहोत्र आवश्यक छ । नामकरण समारोह, व्रतवन्ध समारोह, विवाह आदि जस्ता सबै अनुष्ठानहरूमा हवन अनिवार्य छ । अन्तिम अवस्थामा मानिसहरूले चितामा शवलाई अग्निदाह गर्ने अन्त्येष्टि संस्कार रहेको छ । एक हिन्दुको शरीरले अन्ततः यज्ञ पिताको काखमा आश्रय पाउँछ । हाम्रा सबै कथा, कीर्तन, व्रत, चाडपर्व, उत्सव, उद्यापनमा हवन आवश्यक मानिन्छ । हिन्दुहरूको दैनिकी अनुसार खाना खाँदा अग्निलाई भोजन चढाउने गरिन्छ । आज पनि महिलाहरूले पहिले अग्नि देवतालाई भोजन गराउँछन् र त्यसपछि अरूलाई भोजन खुवाउँछन् । सत्य नारायण व्रत कथा, रामायण पारायण, गीता पाठ, भागवत सप्ताह, कीर्तन आदि कुनै पनि शुभ कार्य होस्, हवन आवश्यक छ । हवन अन्य मन्त्रहरूसँग पनि गरिन्छ, तर सबैभन्दा राम्रो हवन गायत्री मन्त्र हो जुन सबैको लागि सजिलो र सम्भव छ ।

गायत्री यज्ञलाई वेद-पुराणहरूमा अत्यन्तै प्रभावशाली धार्मिक अनुष्ठानको रूपमा उल्लेख गरिएको छ । यस यज्ञबाट आध्यात्मिक शुद्धता, शारीरिक र मानसिक

सन्तुलन तथा वातावरणीय सुधार हुने विश्वास गरिन्छ । ऋग्वेद (३.६२.१०) मा उल्लेख भएअनुसार गायत्री मन्त्रलाई वेदमाताको रूपमा लिइन्छ। यो मन्त्रको जप गर्दा मन, वाणी र कर्मको शुद्धि हुन्छ भन्ने मान्यता छ । प्राकृतिक प्रकोप, दुर्घटना, सामाजिक विखण्डन, रोगब्याधीले ढाकिएको वर्तमान कठिन परिस्थितिमा गायत्री यज्ञको अनुष्ठानभन्दा राम्रो समाधान अरू केही हुन सक्दैन । वर्तमान समयमा समाजमा व्याप्त नकारात्मक प्रवृत्तिहरू हटाई सुसंस्कृत जीवनयापनको बाटो देखाउने कार्य यज्ञद्वारा नै सम्भव छ । जसरी वर्षाको अभाव हटाउन विष्णु यज्ञ, विलासिता त्यागी भक्तिको भावना बढाउन रूद्र यज्ञ, महामारीहरू रोक्न मृत्युञ्जय यज्ञ र युद्धको समयमा मानिसहरूलाई उत्साह र बहादुरीले भर्न चण्डी यज्ञ गरिन्छ । त्यसैगरी आजको परिस्थितिमा मानिसहरूलाई गलत मार्गबाट सहि बाटोमा ल्याई समाजलाई नैतिक र धार्मिक रूपले सशक्त बनाउन गायत्री यज्ञ भन्दा उपयुक्त कुनै धार्मिक अनुष्ठान हुन सक्दैन ।

यज्ञ किन गर्ने

यज्ञका सम्बन्धमा वेद पुराण आदिमा प्रशस्त वर्णन गरिएका छन् । जस्तै,

कस्त्वा विमुञ्चति स त्वा विमुञ्चति कस्मै त्वा विमुञ्चति तस्मै त्वा विमुञ्चति। पोषाय रक्षसां भागोसि॥ (यजु. २.२३)

सुख र शान्ति खोज्ने कुनै पनि व्यक्तिले यज्ञ त्याग्दैन । जसले यज्ञ त्याग्छ, यज्ञरूपी भगवान्ले पनि उसलाई त्याग्छन् । यज्ञमा सबैको प्रगतिको लागि आहुति दिइन्छ; जसले आहुति दिँदैन, त्यो राक्षस बन्छ ।

पुत्रार्थी लभते पुत्रान् धनार्थी लभते धनम्।
भार्यार्थी शोभनां भार्यां कुमारी च शुभं पतिम्॥
भ्रष्ट राज्यस्तथा राज्यं श्रीकामः श्रियमाप्नुयायात्।
यं यं प्रार्थयते कामं स वै भवति पुष्कलः॥
निष्कामः कुरुते यस्तु स परंब्रह्म गच्छति।

(मत्स्यपुराण ९३/११७- ११८)

यज्ञबाट छोरा चाहने व्यक्तिलाई छोरा प्राप्त हुन्छ, धन चाहने व्यक्तिलाई धन प्राप्त हुन्छ, विवाह चाहने व्यक्तिलाई सुन्दर पत्नी प्राप्त हुन्छ, कन्याले सुन्दर पति पाउँन सक्छिन् । धन चाहने व्यक्तिलाई समृद्धि प्राप्त हुन्छ र कुनै स्वार्थ विना यज्ञ गर्नाले ईश्वर प्राप्त हुन्छ ।

असुराश्च सुराश्चैव पुण्यहेतोर्मख- क्रियाम्।
प्रयतन्ते महात्मानस्तस्माद्यज्ञाःपरायणाः।
यज्ञैरेव महात्मानो बभूवुरधिकाः सुराः॥

(महाभारत आश्व० ३.६,७)

असुर र सुर दुवैले आफ्नो पुण्यको उद्देश्यका लागि नै यज्ञको प्रयास गर्छन् । सत्पुरूषहरू सधैं यज्ञपरायण हुनुपर्दछ। धेरै महान पुरूषहरू यज्ञ कर्ममार्फत नै देवताको स्वरूपमा प्राप्त भएका छन् ।

महायज्ञको लाभ

पूर्वकालमा विभिन्न प्रकारका यज्ञहरूको उद्देश्य बेग्लाबेग्लै हुनेगर्दथ्यो । ती यज्ञहरू आफ्नो पापको प्रायश्चितको लागि, भाग्यले निम्त्याएको विनाश र दुर्भाग्यको शान्तिको लागि, कुनै पनि आवश्यकता पूरा गराउन, पितृहरूको उद्धारका लागि, महामारीको रोकथामको लागि, राज्य र जनताको संवृद्धिको लागि, देवताहरूलाई प्रसन्न पार्न, धन र अन्नको उत्पादन बढाउन, अन्नबालीका लागि अमृत वर्षा गराउन, वायुमण्डलबाट अस्वस्थ तत्त्वहरू हटाउनको लागि हवन-यज्ञहरूको आयोजना गरिन्थ्यो र तिनीहरूको परिणाम पनि सोचेअनुरूप नै प्राप्त हुने गर्दथ्यो ।

महाभारत र रामायणका विभिन्न प्रसंगहरूमा यज्ञको महत्त्व झल्काइएको छ । राजा दशरथले पुत्रेष्टि यज्ञद्वारा राम, लक्ष्मण, भरत र शत्रुघ्नजस्ता दिव्य पुत्रहरू प्राप्त गरे । पाण्डवहरूले राजसूय यज्ञको आयोजन गरे, जसमा स्वयं भगवान् श्रीकृष्ण आफैं पाहुनाहरूको स्वागत-सत्कार गर्न खटिनुभएको थियो । यस्तै यज्ञद्वारा इन्द्रले स्वर्ग प्राप्त गरे भने राजा नृग यज्ञकै प्रभावले इन्द्रासनका अधिकारी बने। भगवान् रामले गरेको अश्वमेध यज्ञबाट उनको राज्यको समृद्धि र आध्यात्मिक उन्नति अविच्छिन्नरूपमा भइरह्यो । यसैगरी विश्वामित्रले यज्ञद्वारा नै ब्रह्मर्षिको पद प्राप्त गर्न सफल भएको कुरा पनि सर्वत्र उल्लेख छ ।

यज्ञ गर्नाले विभिन्न देवता, ऋषि, प्राणी तथा मानिसहरूले आ-आफ्नो स्वभावअनुसार लाभ प्राप्त गरेको उल्लेख पाइन्छ। यस गायत्री कोटिहोम महायज्ञमा सय वटा हवनकुण्ड बनाएर एक करोड गायत्री मन्त्रद्वारा हवन गरिनुका अनेकौं लाभहरू छन् । त्यसमध्ये केही यहाँ उल्लेख गरिन्छ ।

आध्यात्मिक लाभ

- मानसिक शान्ति र सकारात्मक ऊर्जा– एकसाथ सयौंको संख्यामा मन्त्रोच्चारण तथा हवनले सकारात्मक ऊर्जा प्रवाह गर्छ, जसले मानसिक शान्ति र आध्यात्मिक उन्नति गर्न सहयोग पुऱ्याउँछ ।
- सामूहिक साधना र भक्तिभावको अभिवृद्धि– धेरै मानिसहरूको सहभागिताले आध्यात्मिक एकता र भक्तिभावलाई झन् प्रगाढ बनाउँछ ।
- कर्मकाण्डीय शुद्धि– यज्ञका माध्यमबाट नकारात्मक विचारहरू हट्न सक्छन्, जसले व्यक्तिगत जीवनका कर्महरूमा अझ बढी निखार र आत्मशुद्धि ल्याउँछ ।
- धार्मिक एकता– महायज्ञ सामूहिक सहभागिता र सहकार्यको प्रतीक हो, जसले सामाजिक मेलमिलाप बढाउँछ र धार्मिक समन्वय कायम गर्दछ ।
- आध्यात्मिक उन्नति– यज्ञको अग्निहोत्र प्रक्रियाले मानसिक तथा आत्मिक शुद्धता दिन्छ, जसको प्रभावले आध्यात्मिक उन्नतिको बाटो सहज हुन्छ ।

पर्यावरणीय लाभ

- हावाको शुद्धिकरण– यज्ञमा प्रयोग गरिने जडिबुटीयुक्त घ्यू, चन्दन, कपुर जस्ता सामग्रीहरूबाट निस्कने सुगन्धित धुवाँले वायुमण्डल शुद्ध बनाउन मद्दत गर्छ ।
- जलवायु सन्तुलनमा सहयोग– यज्ञको वैज्ञानिक पक्षअनुसार, यज्ञबाट निस्कने ऊर्जा र वाष्पले वातावरणमा सन्तुलन कायम गर्न योगदान दिन्छ ।
- हानिकारक कीटाणुहरूको नाश– हवन गर्दा उत्पन्न हुने ग्यासहरूले हानिकारक कीटाणुहरूलाई नष्ट गर्ने क्षमता राख्छ ।

सामाजिक लाभ

- सामुदायिक एकता र सहयोगको भावना– ठूला यज्ञहरूमा विभिन्न समुदायका मानिसहरू सहभागी हुँदा पारस्परिक सम्बन्ध सुधार हुन्छ ।
- धार्मिक पर्यटन प्रवर्द्धन– यस्ता ठूला यज्ञहरूले धार्मिक पर्यटकहरूलाई आकर्षित गरी स्थानीय अर्थतन्त्रलाई टेवा दिन सक्छ । अर्थतन्त्र चलायमान भएपछि सामाजिक समृद्धि हुँदैजान्छ ।
- सकारात्मक विचारधाराको विस्तार– यज्ञमा सहभागी हुनेहरूले नैतिक, धार्मिक र संस्कारयुक्त जीवनशैली अपनाउने प्रेरणा पाउन सक्छन् ।

सहभागीहरूलाई व्यक्तिगत लाभ

- मानसिक एकाग्रता र आत्मबल वृद्धि– मन्त्र जप र यज्ञस्थलमा बसेर ध्यान गर्दा आत्मबल बढ्छ र मानसिक स्थिरता आउँछ ।
- शारीरिक स्वास्थ्यमा सुधार– केही अनुसन्धानअनुसार यज्ञबाट निस्केको हावाले श्वासप्रश्वास प्रणालीमा सकारात्मक प्रभाव पार्दछ ।
- संस्कार संरक्षण र नयाँ पुस्तालाई प्रेरणा– यस्तो यज्ञहरूले युवा पुस्तालाई वैदिक संस्कृति र परम्पराप्रति जागरूक गराउन भूमिका खेल्न सक्छ । यस्ता किसिमका यज्ञहरू अघिल्लो पुस्ताले नयाँ पुस्तालाई दिएका अमूल्य निधि हुन्, जसको संवर्धन निरन्तर आवश्यक छ ।

गायत्री कोटिहोममा सम्पादन हुने अनुष्ठान तथा कार्यक्रमहरू

यस शत कुण्डिय गायत्री कोटीहोम विविध अनुष्ठान तथा धार्मिक कार्यक्रमका साथ २०८१ चैत १७ देखि २०८२ जेठ २६ गतेसम्म सञ्चालन हुँदैछ । गण्डकी प्रदेशमा पहिलोपटक हुन लागेको यस अनुष्ठानको आरम्भमा श्रीराम कथा तथा हनुमत कथाको वाचन हुने छ । तीन सयभन्दा बढी कर्मनिष्ठ ब्राह्मणहरूको संलग्नतामा सवा करोड गायत्री हवन, चार वेद अठार पुराणहरूको पाठ पारायण, महारूद्राभिषेक, एघार हजार कलश पुजन, एक करोड वेलपत्रद्वारा एक करोड पार्थिव शिवलिङ्गको पुजन गरिनेछ । यसका साथै श्रीमद्भागवत महापुराण, शिवमहापुराण, श्रीमद्देवीभागवत, श्रीवाल्मीकि रामायण तथा श्रीरामचरितमानसको कथा वाचन गरिनेछ । एघार हजारभन्दा बढी कन्याहरूको पुजन गर्दै देशविदेशका ख्यातिप्राप्त सन्तमहात्मा, धर्मगुरूहरू तथा कथाव्यासहरूलाई विशेष अभिनन्दन गरिनेछ । दैनिक १०८ वेदलक्षणा गौमाताहरूको दुधबाट पञ्चामृत तयार गरी भक्तजनहरूलाई वितरण गरिनेछ । हजारौंको संख्यामा ज्येष्ठ नागरिकहरू एवम् फरक क्षमता भएका व्यक्तिहरूलाई

सम्मानित गरिनेछ ।

यसका साथै दुःख निवारण यज्ञमार्फत दुःख, कष्ट, रोगव्याधि तथा मानवीय समस्याहरूको निराकरण गरिनेछ । तण्डुचाल (चामलको पर्वत) निर्माण गरिनेछ । सन्त सम्मेलनको आयोजना गर्दै दैनिक रूपमा राष्ट्रिय स्तरका ख्यातिप्राप्त कलाकारहरूबाट भजन, झाँकी, देवलीला तथा शास्त्रीय नृत्य प्रस्तुत गरिनेछ । दैनिक रूपमा एघार हजार जनालाई यज्ञप्रसाद एवम् ११ सय जनालाई निःशुल्क भोजन र आवासको व्यवस्था गरिनेछ ।

महायज्ञको पूर्वार्धमा २०८२ वैशाख २ गते वृहद् मोटरसाइकल र्‍याली, वैशाख ३ गते ट्याक्सी र्‍याली, वैशाख ५ गते मङ्गलमय कलश यात्रा तथा वैशाख १९ गते बिहान अग्निमथन, अग्निप्रवेश, अग्निमा समिधा दान तथा अग्निकुण्डमा आहुति प्रदान गरिनेछ । कोटीहोम महायज्ञको विधिवत पूर्णाहुति २०८२ जेठ २६ गते सोमबार अभिषेक र महाप्रसाद वितरणका साथ गरिनेछ ।

विशेषतः पुराणहरूमा यज्ञलाई कर्म, धर्म र कल्याणको माध्यम मानिएको छ । देवतादेखि लिएर मानिस, असुर तथा प्रकृति सबैले यज्ञबाट कुनै न कुनै रूपमा लाभ प्राप्त गर्छन् । गण्डकी प्रदेशमा आयोजना हुन लागेको 'श्रीगण्डकी शत कुण्डिय गायत्री कोटिहोम महायज्ञ' आध्यात्मिक चेतनाको जागरण गर्ने महाआयोजन हो । यस पावन अवसरमा सबै सनातनीहरूले ब्यक्तिगत र सामूहिकरूपमा यज्ञमा सहभागी भई धर्म, संस्कृति, सनातन परम्परा तथा आत्मिक उन्नतिको बाटोमा अघि बढ्न प्रेरणा लिनु आवश्यक छ । यज्ञ केवल धार्मिक अनुष्ठान मात्र नभई समाज रूपान्तरणको महत्त्वपूर्ण माध्यम हो, जसले व्यक्तिगत तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउन मद्दत गर्छ ।

गायत्री कोटिहोम महायज्ञ जस्तो ठूला धार्मिक अनुष्ठानहरू आध्यात्मिक, पर्यावरणीय, सामाजिक र व्यक्तिगत रूपमा लाभदायक हुन सक्छन् । यस्ता कार्यक्रमहरूले समाजमा सकारात्मक ऊर्जा प्रवाहित गर्दै धार्मिक, नैतिक र संस्कारगत मूल्यहरूको प्रवर्द्धन गर्नेमा कुनै दुईमत छैन । व्यवहारिक परोपकारलाई आत्मसात गर्दै असहाय र अनाथहरूको सेवाको लागि संकल्पित यस महायज्ञ पावन गण्डकी तीर र धवलागिरीको फेदमा हुनु सबैको गौरवको विषय हो । त्यसैले आफ्नो मन, वचन र कर्म तीनै चीजको समर्पणसहित मुक्त भावमा मानव सेवा फाउण्डेशनद्वारा सत्संकल्पित यस ऐतिहासिक श्रीगण्डकी शतकुण्डीय गायत्री कोटीहोम विराट् ज्ञान महायज्ञमा सहभागी हुन कोही पनि छुट्नुहुँदैन । ❖

–सेतोपुल, काठमाडौं

आवरण परिचयः

भगवान् शिव

पुम्दीकोट, पोखरा, कास्की

प्रस्तुत तस्वीर पर्यटकीय नगर पोखरामा निर्माण गरिएको भगवान् शिवको मूर्ति हो । समुन्द्र सतहदेखि १५ सय मिटरको उचाइमा रहेको पुम्दीकोटलाई पर्यटकको आकर्षक गन्तव्यका रूपमा विकास गर्न भगवान् शिवको विशाल मूर्तिसहित आकर्षक भौतिक संरचना निर्माण भएसँगै यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको छ । यहाँबाट माच्छापुच्छ्रे अन्नपूर्ण हिमशृङ्खलासँगै, फेवाताल, पोखरा बजार, लेखनाथ लगायतका ठाउँहरूको समेत अवलोकन गर्न सकिन्छ ।

पोखरा बजारबाट १३ किलोमिटरको दूरीमा रहेको पुम्दीकोटमा ४० करोडको लागतमा ५१ फिट अग्लो शिव मूर्तिसहित भौतिक संरचना निर्माण भइरहेको छ । मन्दिर निर्माण समितिबाट प्राप्त जानकारी अनुसारअनुसार शिवको विशाल मूर्ति, भूमेश्वर महादेवको मूर्ति, सहिद स्मारक, ध्यान केन्द्र, स्मृति पार्क, पुम्दीकोटको ऐतिहासिक मन्दिर लगायतका भौतिक संरचना निर्माण गर्न ४० करोड रकम खर्च हुनेछ । मूर्ति निर्माणका लागि २०७३ मा चन्द्रकान्त बरालको संयोजकत्वमा महायज्ञ लगाएर ६ करोड रूपैयाँ सहयोग संकलन गरिएको थियो । त्यसैगरी स्थानीयहरूले २० रोपनी जग्गादान गरेका थिए । मूर्तिसहित संरचना निर्माणका लागि लागि पोखरा महानगरले १ करोड ५० लाख रूपैयाँ, प्रदेश सरकारबाट ३ करोड ५० लाख र संघीय सरकारले पौने ४ करोड रूपैयाँ आर्थिक सहयोग गरेको छ ।❖

मानव स्वास्थ्य र शान्तिको माध्यम

योग

–मधुसूदन सुवेदी

ऋषि-महर्षिहरूले आदिकालदेखि नै योगलाई मानव समाजमा अत्यन्त उपयोगी साधना मानिआएका थिए । कालान्तरमा आएर मानिसहरूले योगको विकल्प मानेर खेलकुदमा मात्र ध्यान दिन थाले । योग विभिन्न प्रकारको बताइको छ, जसमध्ये विषादयोग, साङ्ख्ययोग, ज्ञानकर्मसंन्यासयोग, मोक्षसंन्यासयोग, कर्मसंन्यासयोग, आत्मसंयमयोग,अक्षरब्रह्मयोग,राजविद्याराजगुह्ययोग,विभूतियोग, विश्वरूपदर्शनयोग, क्षेत्र-क्षेत्रविभागयोग, गुणत्रयविभागयोग, कर्मयोग, ज्ञानविज्ञानयोग, भक्तियोग, हठयोग, ध्यानयोग, मन्त्रयोग, तन्त्रयोग, नादयोग, लययोग, कुण्डलिनीयोग, प्राणयोग, अष्टाङ्गयोग, वज्रयान षष्ठाङ्गयोग, आदि छन् । त्यसमा भगवत्प्राप्तिको साधन छ, ती सबैमा भगवद्भक्ति सर्वोत्तम छ भनी भगवान्ले बताउनुभएको छ । गीतामा भनिएको छ–

योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।
श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥ (गीता ६।४७)

योगको क्रममा सम्पूर्ण योगीहरूमध्ये जो श्रद्धावान् योगी जो ममा नै तत्पर र अन्तरात्मादेखि नै मलाई निरन्तर भज्दछन् ती योगी मेरो लागि परम् श्रेष्ठ र मान्य छन् । वर्तमान समयमा निरोगी एवम् शारीरिक विकासतर्फ केन्द्रित रही योग+आसन अर्थात् उचित योगासनको ज्ञानको बारेमा पातञ्जल योगदर्शनमा र त्यस्तै विभिन्न ग्रन्थमा योगको विस्तृत वर्णन विद्यमान छ । वेद उपनिषद् हरूमा यस विषयको स्रोत प्रशस्त पाइन्छ ।

यद्यपि भारत तथा नेपाल लगायत विश्वमा योगको महत्त्व बारे निकै चर्चा हुनाका साथै गाउँ गाउँ, टोल टोलमा, घरघरमा शारीरिक विकासको लागि योग चलिरहेको पाइन्छ । योग गर्दा बाहिर खुल्ला हावा भएको मैदानमा गर्नु राम्रो हो । यसमा यम, नियम, आसन र प्राणायाममा सफलता प्राप्त साधकहरू र हठयोगको नेति, धोती, भस्त्रिका, खेचरी मुद्रा एवम् वज्रोली आदि क्रियाहरूमा अधिकार राख्ने भएका महात्माहरूको पनि परिचय पाई यस विषयको ज्ञान हासिल गर्न मिल्दछ ।

सिद्ध प्राप्त गरेका सन्तहरूको पनि परस्पराश्रुत कीर्तिगाथाहरू अध्यात्मिक ग्रन्थ तथा पत्रपत्रिका लगायत जर्नलहरूमा छापिएको देखिन्छ पढ्न पाइन्छ । त्यतिमात्र नभई केहीको प्रत्यक्ष दर्शन पाउने सौभाग्य पनि मिल्दछ । भारत तथा नेपाल लगायत अन्य देशहरूमा यो प्रधान विद्या प्राचीन कालमा प्रसिद्ध ऋषि मुनिहरूमा मात्र सीमित थियो भने हिजो आज योगको महत्त्वलाई मनन गरी प्रशस्त

प्रचार भइरहेको पाइन्छ ।

प्राचीन समयमा योगीराज याज्ञवल्क्यको सेवाको सौभाग्य मान्ने मिथिला प्रदेशका नरेश जनक जस्ताको प्रादुर्भाव सर्वथा अभाव देखिन्थ्यो । संसारमा बढ्दै गएको जनसङ्ख्याले कन्दमूल फलदायक वनलाई इतिश्री गरिसकेका थिए । अब 'फल स्वेच्छालभ्यम्, विशन्ति भिक्षां, नो वाङ्घ्रिपाः' ? इत्यादि प्राचीन उक्तिहरू पूरायुगको खण्डहरूको भाँती केवल स्मारक मात्र अवशिष्ट रहन पुग्यो । योगीजनहरूको उपयोगी गव्यनिर्मित 'स्निग्धमुष्णञ्च भोजनम्' को सर्वथा अभाव छ । तब योग साधनमा साधकहरू प्रवृत्त हुन कसरी सम्भव छ ? हामी निराशावादी

होइनौं तथापि एउटा सत्य नग्न पर्दाले ढाक्न सकिन्न। यसकारण यो आवश्यकता छ कि केही साधन सम्पन्न व्यक्ति भगवान् भरोसामा र आफ्नै बलबुता अनुसार यस क्षेत्रमा अवतीर्ण भएर साधनामा प्रवृत्त छन्। यसले जहाँ ती आफ्नो कल्याणको बाटो परिष्कृत गर्न समर्थ हुनेछन्। यस्ता साधकहरू भारत तथा नेपालको एक प्रधान विद्याको पुनरूद्धारक हुन सक्नेछन्।

भगवत् गीताका अनुसार विषादयोगमा पारङ्गत व्यक्ति समय र क्षेत्रलाई नाघेर टाढा टाढा देख्न सक्दछन्। योगसिद्ध पुरुषमा तेश्रो आँखा (दिव्यदृष्टि) हुन्छ जसको माध्यमबाट टाढा टाढाका वस्तु देख्न र सुन्न सक्दछन्। पर हेर्न सक्ने क्षमताले अध्यात्मसँग कुनै सम्बन्ध राख्दैन। सञ्जय आध्यात्मिक व्यक्ति होइनन् वरू उनी विशेष प्राविधिक व्यक्ति हुन् जो टाढा देख्न, सुन्न र टाढाका चित्र औंल्याउन सक्दछन्। योगद्वारा विभिन्न शक्तिहरू प्राप्त गर्न सकिन्छ तर जो शक्तिको प्रदर्शन र चमत्कारमा लाग्छ त्यो व्यक्ति सत्यसम्म पुग्न नसकेर भड्किन्छ। मनुष्यको अनन्त शक्तिका वारेमा आज विज्ञानले पनि स्वीकार गर्न थालेको छ।

महर्षि पतञ्जलिद्वारा रचित योगसूत्रमा अष्टाङ्ग योगको व्याख्या गरिएको छ। जुन निम्नानुसार छन्–

क) योगश्चित्तवृत्तिनिरोधः ;

ख) तदा द्रष्टुः स्वरूपेऽवस्थानम्।

ग) यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि यी आठ योगका अङ्ग हुन्।

अर्थात्– क) चित्तवृत्तिको निरोधलाई नै योग भनिन्छ।

ख) योग दर्शनमा द्रष्टाऽपरमात्मा आफ्नो यथार्थरूपमा प्रकट हुनुहुन्छ। शुरूका पाँच सोपान यम, नियम, आसन, प्राणायाम र प्रत्याहारलाई बहिरङ्गयोग अन्तर्गत राखिएको छ। धारणा, ध्यान र समाधि यिनलाई अन्तरङ्ग योग भनिएको छ। यी तीनलाई संयम भनिन्छ।

ग) यम– अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह, दया, आर्जव, क्षमा, धैर्य र शौच यी दश यम भनिन्छ।

नियम– तप, सन्तोष, आस्तिक्य, दान, ईश्वर पूजन, सिद्धान्त श्रवण, लज्जा, बुद्धि, जप र व्रत यी दश नियम हुन्।

आसन– चौरासी लाख छन् जसमा चौरासी प्रसिद्ध छन्। त्यस अन्तर्गत पनि सिद्ध, स्वस्तिक, पद्म, भद्र, आदि तेत्तीस ज्यादै सिद्धिदायक छन्।

प्राणायाम– रोचक, कुम्भक र पूरक तीन प्रकारका छन्।

प्रत्याहार– शब्द आदि पाँच विषयहरूबाट मनलाई फर्काउनु।

यी योगमध्ये यहाँ भक्तिपूर्वक गरिने योगकर्मलाई विशेष महत्त्व दर्साइन्छ। योगको आदिम चार सोपान बहिरङ्ग साधन भनिएको छ। यम र नियमहरूको सेवनबाट साधक योगको अधिकारी बन्दछन् र आसनहरूबाट शारीरिक गति परिपक्व हुन पुग्दछन्। प्राणायामबाट प्राणशक्तिमा विजय प्राप्त गर्दछन् तथा प्रत्याहारबाट मनलाई निरोध गर्दछन्। यो पञ्चम सोपान बहिरङ्ग र अन्तरङ्ग साधना नियोजक हुनु उभयविध हो।

धारणा– बहिर्जगत्बाट विमुख भएर अन्तरात्ममा स्थिर हुन पुग्नु योगको छैठौं सोपान हो।

ध्यान– ध्याता, ध्यान र ध्येय यस त्रिपुटीका अतिरिक्त अन्तःकरणमा निर्विषयताको स्थिति भनिएको छ।

धारणा योगको सप्तम सोपान हो। मनलाई एकाग्र गराई पद्मासनमा रही ध्याता, ध्यान र ध्येय यी मार्गबाट साधकले संयमपूर्वक निष्ठा, समर्पण एवम् गहन श्रद्धासाथ नित्य ध्यान गर्ने गरेमा ध्यानयोग सफल हुन पुग्दछ। ध्यानयोग बारे श्रीमद्भगवद्गीता र योगसूत्रमा प्रसस्त बताइएको छ।

समाधि– ध्याताको ध्यानमा र उक्त दुवैको ध्येयमा लय हुनजानु यही नै योगको अन्तिम अर्थात् अष्टम सोपान हो। जहाँ पुगेपछि 'न तद् भासयते सूर्या, न शशाङ्को न पावकः' भन्ने पद प्राप्त हुन पुग्दछ। समाधियोगको पनि दुई साधन छन्, यो अभ्यास र वैराग्ययोगमा गनिन्छ। अधिकारी भेदबाट मन्त्रयोग, हठयोग, लययोग र राजयोग यी चार प्रकारका योग छन्। मन्त्रयोगका बारेमा सनातन वैदिक हिन्दुग्रन्थमा बताइएको छ कि, मन्त्रजपद्वारा मानसिक तनाव हट्न गई शरीर स्वस्थ हुनुका साथै भक्तिमार्ग प्रशस्त हुन जान्छ। त्रिकाल सन्ध्या मन्त्रजप योगी पुरुषहरू गर्दछन्। व्यावहारिक व्यक्ति प्रातः, सायं मन्त्रजपद्वारा, प्राणायाम आदि गरी एकाग्रतामा रहनु पर्दछ।

मन्त्रलाई कार्यमा ल्याउँदा शब्द विज्ञान, ध्वनि



विज्ञान, भाषा विज्ञानसमेतको जानकारी गरी मन्त्रजप, मन्त्रसाधना तथा मन्त्रयोगको साधनामा जब साधक पुग्दछ भने उसले योगस्थ अवस्था प्राप्त गर्दछ । मन्त्र विभिन्न छन् । गायत्री महामन्त्र नवार्णमन्त्र, महामृत्युञ्जयमन्त्र, दीक्षामन्त्र आदिलाई सर्वश्रेष्ठ मन्त्र मानिएको छ । यस सम्बन्धी मन्त्रयोगका विभिन्न पुस्तकहरू प्रकाशित भइसकेका छन् । तन्त्रयोगसँग मन्त्र पनि समाहित हुन्छ । तन्त्र यन्त्र आदिद्वारा स्थूल शरीरलाई माध्यम बनाई जुन योग गरिन्छ त्यही नै तन्त्रयोग हो । तन्त्रयोग साधना गर्न दुई बाटो बताइएको छ । तन्त्र मन्त्रद्वारा साधकले ठूला ठूला कार्यहरू सफल गर्न सक्दछन् ।

प्राणायामको माध्यमबाट शरीरमा प्रवेश गराई मनलाई आफ्नो वशमा राख्ने पद्धतिलाई नै हठयोग भनिन्छ । सूर्य र चन्द्र शक्तिद्वारा पिङ्गला र ईडानाडी जागृत गर्दै साधनको षट्क्रिया आसन, प्राणायाम, मुद्रा, तथा कुण्डलिनी जागरण गराई सुषुम्नामा प्रवेश गरी सन्तुलित प्राणशक्तिलाई जागरण गराउनुलाई हठयोग बताइएको छ ।

राजविद्याराजगुह्ययोग

“इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे ।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात्” ॥
राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम् ।
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ॥ (गीता अध्याय ९/१-२)

अर्थात् भगवान् भन्नुहुन्छ– हे अर्जुन ! तिमी दोषदृष्टिरहित भक्तका लागि 'म' यो परम गोपनीय ज्ञान विज्ञान भन्दछु, यो दिव्यज्ञान बुझेर तिमी जन्ममरण सम्बन्धी सांसारिक कष्टबाट मुक्त हुनेछौ । यो विज्ञानसहितको ज्ञान, विद्याहरूको राजा, रहस्यहरूको परम गोपनीय, पवित्र र उत्तम छ । यो प्रत्यक्ष फल दिने, धर्ममय, अविनाशी छ र यसलाई आनन्दपूर्वक सम्पन्न गर्न सकिन्छ ।

हाम्रो जीवनलाई हेर्ने दुई दृष्टिकोणहरू छन् । जीवनलाई पदार्थ मान्ने दृष्टि नकारात्मक र परमात्मा मान्ने दृष्टि सकारात्मक हुन्छ । हाम्रो दृष्टि जस्तो हुन्छ जगत् उस्तै देखिन्छ । राम्रो या नराम्रो, प्रसिद्ध या अप्रसिद्ध, निर्गुण या दुर्गुण, शान्त या अशान्त यी सबैमा जीवनको राजा मनले नै बनाएको हुन्छ । यी सबैबाट पार पाउन सङ्कल्प तथा तन्मयद्वारा योग गर्नुपर्दछ । ब्रह्माद्वारा यसको प्रयोगविधि ल्याएको हुँदा नै यसलाई राजविद्या–राजगुह्ययोग भनिएको हो । राजविद्या–राजगुह्ययोगको मुख्य ग्रन्थ भनेको नै भगवत् गीता तथा पातञ्जलियोग सूत्र हो ।

राजविद्या– राजगुह्ययोगका तीन साधन प्रणाली छन् । तिनमा समाधियोग, क्रियायोग र अष्टाङ्गयोग पर्दछन् । योगको अङ्गको सम्बन्धमा यत्र–तत्र न्यूनाधिक सङ्ख्याको पनि अन्तर पाइएको छ, तर यसबाट वस्तु स्थितिमा कुनै अन्तर पर्दैन, किनभने अन्तर्भाव र विश्लेषणको तारतम्यको नै तादृश परिणाम हो । जब हामी कुनै व्यक्तिमा नकारात्मकता खोज्दछौ, तब त्यो खोज दोषपूर्ण हुन्छ । उसमा दोष नभए पनि हामी दोष देख्छौं । मित्रमा कुनै

दोष देखिदैन किनभने उसलाई प्रेमको आँखाले हेरिन्छ तर शत्रुलाई घृणाको आँखाले हेरिने हुँदा उसमा निकृष्टता मात्र देखिन्छ ।

अणिमा आदि आठ प्रधान सिद्धिहरू र दूर श्रवण आदि सबै मिलाएर तेत्तीस सिद्धिहरू भगवद् दर्शनमा मानिएको छ, सच्चा योगी यसतर्फ प्रवृत्त हुँदैनन् । गुदा र लिङ्गको बीच भागमा वर्तमान स्थानलाई मूलाधार भनिन्छ र ब्रह्मरन्ध्र अर्थात् तालु स्थानलाई आज्ञाचक्र भनिन्छ । योगको परिभाषा अनुसार मूलाधारबाट बहत्तर हजार साना ठूला धमनीहरू सबै देहमा परिव्याप्त छन्, त्यसमा ईडा, पिङ्गला र सुषुम्ना नामको तीन नाडीहरू प्रधान छन् । ईडा मेरूदण्ड (रीडको हड्डी) को बायाँ भागमा चन्द्रतत्त्व प्रधान नाडी हो । पिङ्गलाको दायाँ भागमा सूर्यतत्त्व प्रधान नाडी छ । सुषुम्ना मेरूदण्डको ठीक बीच भागमा चन्द्र, सूर्य, अग्नि रूपिणी नाडी रहन्छ । योगबाट नै यी तीनवटै नाडीहरू मूलाधार चक्रबाट उत्थान भएर स्वाधिष्ठान, मनिपुर, अनाहत र विशुद्ध यी चार चक्रलाई आवेष्टित गर्दछन् । यी अन्तिम चक्र आज्ञाचक्रको अन्तसम्म पुगेर जब ईडा, पिङ्गला, धनुषजस्तै मुडिएर भ्रूमध्यको माथि ब्रह्मरन्ध्रमा एकट्ठा भएर नारारन्ध्रमा प्रवेश गर्दछन् । त्यसै स्थानमा मेरूदण्ड मध्यवर्तिनी सुषुम्ना पनि यससँग सङ्गत हुन जान्छन् । योगशास्त्रमा यस स्थानलाई गङ्गा, जमुना र सरस्वतीको सङ्गम स्थान भनिएको छ । मूलाधारदेखि लिएर आज्ञाचक्र पर्यन्त जुन षट्चक्रको यौगिक वर्णन छ त्यो चक्र सुषुम्नामा हुने वाला छ, वायव्य ग्रन्थि नै सम्झनु पर्दछ ।

कर्मयोग– मानिस जन्मेपछि उसले आफूले गर्नुपर्ने कर्म लिएर आएको हुन्छ । कर्म नगरी मानिस परिपक्व र पूर्ण पनि हुँदैन, स्वस्थ पनि हुँदैन । भगवान् श्रीसूर्यनारायण उदयाचलदेखि अस्ताचलसम्म आफूले गर्नुपर्ने कार्य गरिनै रहनुभएको छ । गीतामा श्रीकृष्ण भगवान् भन्नुहुन्छ जन्मेपछि कर्म नगरी कोही पनि बाँच्न सक्दैन । यसरी कर्म गरेपछि सो कर्म ईश्वरलाई अर्पण गर्नु पर्दछ । यसरी कर्ममा पूर्ण कुशलता आउनु नै कर्मयोग हो ।

श्रीमद्भगवद्गीतामा भक्तियोग

श्रीमद्भगवद्गीता सबै शास्त्रहरू र विशेष गरेर उपनिषद्को सार हो । स्वयं श्री वेदव्यासजीले महाभारतको भीष्मपर्वमा भनेका छन्–

गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रसङ्ग्रहैः ।
या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिस्सृता ॥
सर्वशास्त्रमयी गीता सर्वदेवमयो हरिः ।
सर्वतीर्थमयी गङ्गा सर्ववेदमयो मनुः ॥ (४३।१-२)

केवल गीताको नै भरपुर गान (श्रवण, कीर्तन, पठन, पाठन, मनन र धारण) गर्नुपर्दछ, किनभने अन्य शास्त्रको आवश्यकता नै पर्दैन, किनकि यो स्वयं पद्मनाभ भगवान्को साक्षात् मुख कमलबाट निक्लेको हो ।

गीता सर्वशास्त्रमयी हो, श्रीहरि सर्वदेवमय हुनुहुन्छ, श्रीगङ्गा सर्वतीर्थमयी हो र मनुस्मृति सर्ववेदमयी हो । यति मात्र नभई, स्वयं भागवान्ले पनि गीतामा यस्तो भन्नुभएको छ–

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥ (१३/४)

यस्तो तत्त्व ऋषिहरूद्वारा धेरै किसिमबाट वर्णन गरिएका छन् र विविध वेदमन्त्रद्वारा पनि विभागपूर्वक निरूपण छ तथा धेरै मन्थन गरी निश्चय गरेको युक्तियुक्त ब्रह्मसूत्रका पदहरूद्वारा पनि बताइएको छ । त्यसकारण हामीहरूले पनि गीतालाई राम्ररी अध्ययन र मनन गर्नुपर्दछ, किनभने मनन गर्नाले त्यसमा रहेको मुख्य तत्त्व पत्ता लाग्दछ । तसर्थ गीतामा भक्तिका विषयमा केही वर्णन गरिएको छ– गीता भक्तिले ओतप्रोत छ । गीतामा कुनै ठाउँमा भिन्न उपासनाको वर्णन छ भने कुनै ठाउँमा अभिन्न उपासनाको वर्णन छ । जतिसुकै सज्जन किन नहोस् प्रथम अध्यायदेखि छ अध्यायसम्म कर्मयोगको, सात अध्यायदेखि बाह्र अध्यायसम्म भक्तियोग र आखिर छ अध्यायमा ज्ञानयोगलाई प्रधानता दिइएको छ ।

पहिलो छ अध्यायमा कर्मयोग र अन्तिम छ अध्यायमा ज्ञान योगलाई प्रधानता दिइएको मान्न सकिन्छ, तर सात अध्यायबाट बाह्र अध्यायसम्म त भक्ति नै भक्तिले भरिएको छ । अतः यी सबै अध्यायलाई भक्तियोग भनेमा कुनै अत्युक्ति नहोला । किनकि यी अध्यायहरू मध्ये अधिकांशमा सगुण साकार र सगुण निराकार नै ब्रह्मको वर्णन छ, कुनै कुनै स्थानमा निर्गुण निराकार ब्रह्मको उपासनाको पनि उल्लेख पाइन्छ ।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ॥ (गीता १८।६५)

अर्थात् 'मप्रति मन गर्ने बन, मेरो भक्त बन, मलाई नमस्कार गर, मलाई नै पाउने छौ । यही तिम्रो सत्य ज्ञान हो । मेरा तिमी प्रिय छौ ।' गीतामा कर्मयोग पनि छन् तर यिनमा पनि भक्तियोग बारे केही न केही उल्लेख भएकै छ ।

त्यस्तै अध्याय १३ देखि १८ सम्मका छ अध्यायमा ज्ञानयोगको प्रधानता बताइएको छ, त्यसमा पनि कुनै अध्यायमा योगको बिषयमा बताइएको छ । जस्तो तेह्र अध्यायमा ज्ञानको साधन बताइ भनिएको पनि छ–
मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी। (गीता १३।१०)
जसमध्ये सर्वसुलभ र प्रचलित भक्तिमार्गलाई नवधा भक्ति बताइएको छ । जस्तो नारदभक्ति सूत्र, श्रीमद्भगवद् गीता, देवीभागवत, शाण्डिल्य सूत्र, दुर्गा सप्तसती चण्डी, रामचरित मानस आदि भक्तियोगका मार्ग प्रदर्शक ग्रन्थहरू हुन् । सोह्र अध्यायको पहिलो श्लोकमा दैवीसम्पदाको लक्षण बताउँदै भनिएको छ– अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोग व्यवस्थितिः।

यहाँ ज्ञानयोगव्यवस्थिति भन्नाले तत्त्वज्ञानको लागि परमात्माको ध्यान योगमा निरन्तर दृढ स्थिति गरिन्छ, जुन भक्ति भावको नै द्योतक हो । ज्ञान आर्जन गर्ने विभिन्न धर्मपरक शास्त्रको अध्ययन गरी सोमा जिज्ञासा, सङ्कल्प र मनन गरिएको विषयलाई नै ज्ञान भनिन्छ । ज्ञान हासिल गर्ने मुख्य ग्रन्थमा योगवाशिष्ठ, ब्रह्मसूत्र, विभिन्न पुराणहरू लगायत उपनिषद्हरू अध्ययनबाट सत्य र असत्य छुट्याउन सक्ने विवेक भई ज्ञानयोगको साधना हुन जान्छ यही नै ज्ञानयोग हो ।

सबै कर्मलाई मनले ममा अर्पण गरी साथै समबुद्धिरूप योगको अवलम्बन गरेर मेरो परायण होऊ र निरन्तर ममा चित्त लगाइराख । यसप्रकार ममा चित्त लगाइरहेमा तिमी मेरो कृपाले सम्पूर्ण सङ्कल्पहरू अनायास नै पार गर्नेछौ । यहाँ भगावन्ले आफ्नो सगुण साकार स्वरूपको भक्तिको लक्षणहरू वर्णन गरेर, अर्जुनलाई आफ्नो शरणमा आउने आज्ञा दिदै यसको महत्त्व बताइएको छ ।

केवल 'मद्याजी भव' अर्थात् मेरै योगमा तन्मय होउँ भन्दै भगवान्को पूजाबाट भगवत्प्राप्तिहुने कुरा भगवान् बताउनु हुन्छ–
पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः। (गीता ९।२६)

जो कुनै भक्त मेरो लागि प्रेमपूर्वक पत्र, पुष्प, फल, जल आदि अर्पण गर्दछ, त्यस शुद्धबुद्धि निष्काम प्रेमी भक्तले प्रेमपूर्वक अर्पण गरेको त्यो पत्रपुष्पादि म सगुणरूपले प्रकट भएर प्रीतिपूर्वक ग्रहण गर्नेछु । जस्तो– द्रौपदीले केवल पात अर्पण गर्नाले, गजेन्द्रले केवल फूल चढाउनाले, भिल्लिनीले केवल फूल अर्पण गर्नाले, राजा रन्तिदेवले केवल जल अर्पण गर्दा नै पनि भगवान् प्रकट भएर उनले दिएको पदार्थलाई ग्रहण गर्नुभएको थियो । यसप्रकार यी सबै एक-एक पदार्थ अर्पण गर्नाले स्वयम् भगवान् प्रत्यक्ष आई उनले दिएको पदार्थ ग्रहण गर्नुभएको थियो, सो सबै भगवान्मा प्राप्त भयो । तब फेरि सबै प्रकारबाट भक्तिपूर्वक भगवान्को पूजा गर्ने भएकाले भगवान् मिल्नु हुन्न भनेर शङ्का लिइरहनु पर्ने कुरै छैन ।❖

सानेपा, ललितपुर



कोटिहोम आयोजनामा बाधा नगर्न महानगरलाई उच्च अदालतको आदेश

उच्च अदालत पोखराले पोखराको वाराहीघाटस्थित ४८ रोपनी क्षेत्रफलमा आयोजना गर्न लागिएको 'श्री गण्डकी शत कुण्डीय गायत्री कोटिहोम विराट ज्ञान महायज्ञ' सञ्चालनमा कुनै बाधा अवरोध नगर्न आदेश जारी गरेको छ । यही फागुन १ गते अदालतले मानव सेवा फाउण्डेशन नेपाल, पोखरा शाखाको निवेदनमाथि सुनुवाइ गर्दै कानूनी रूपमा बाधा पुग्ने कुनै कारण बाहेक अन्य कुनै पनि अवरोध सिर्जना नगर्न विपक्षी पोखरा महानगरपालिकालगायत सम्बन्धित पक्षलाई निर्देशन दिएको हो ।

मानव सेवा फाउण्डेशनले नेपाल ट्रष्टको स्वामित्वमा रहेको वाराहीघाटको करिब ४८ रोपनी जग्गा भाडामा लिएर २०८२ वैशाख १ देखि ३० गतेसम्म कोटीहोम विराट ज्ञान महायज्ञ आयोजना गर्ने तयारी गरिरहेको छ । महायज्ञ सञ्चालनका लागि नेपाल ट्रष्टको कार्यालय, काठमाडौंले तोकिएको भाडा लिएर अनुमति दिएको छ भने पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, पोखराले समेत सहमति प्रदान गरिसकेको छ । साथै, पोखरा महानगरपालिका वडा नं. ६ कार्यालयले मिति २०८१ मंसिर ९ गते पत्रमार्फत अनुमति प्रदान गरेको छ । तर, पोखरा महानगरपालिकाले नेपाल ट्रष्टलाई पत्राचार गर्दै महायज्ञ सञ्चालनका लागि महानगरको तर्फबाट अनुमति नदिएको जनाएको थियो । यस निर्णयलाई गैरकानुनी ठहर गर्दै मानव सेवा फाउण्डेशनले उच्च अदालत पोखरामा उत्प्रेषण परमादेशसहितको निवेदन दिएको थियो ।

निवेदकको तर्फबाट वरिष्ठ अधिवक्ता कृष्णबहादुर थापा तथा अधिवक्ताहरू ईश्वर चिलुवाल र तोयानाथ पौडेलले बहस गरेका थिए । बहसमा निवेदकले महायज्ञ सञ्चालन गर्न कानूनी रूपमा आवश्यक सबै प्रकृया पूरा गरिसकेको, आयोजनाले कुनै पनि हानि नोक्सानी नपुऱ्याउने तथा कुनै क्षति भएमा त्यसको जिम्मेवारी फाउण्डेशनले व्यहोर्ने प्रतिवद्धता जनाइसकेको तर्क प्रस्तुत गरिएको थियो ।

उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्दको इजलासले उक्त निवेदनमाथि सुनुवाइ गर्दै मानव सेवा फाउण्डेशनले प्राप्त गरेका अनुमति पत्रहरू, नेपाल ट्रष्ट र सम्बन्धित सरकारी निकायहरूको निर्णय तथा महायज्ञ आयोजनाका लागि गरिएको तयारीलाई आधार मान्दै विपक्षी पोखरा महानगरपालिका र मातहतका निकायहरूलाई कानूनी रूपमा बाधा पुग्ने कुनै कारण बाहेक अन्य कुनै पनि अवरोध सिर्जना नगर्न आदेश दिएको हो । यस आदेशपछि कोटीहोम विराट ज्ञान महायज्ञ सञ्चालनमा कानूनी अड्चन हटेको फाउण्डेशनले जनाएको छ । अदालतको निर्णयपछि आयोजनाको तयारीलाई थप तीव्रता दिने फाउण्डेशनका पदाधिकारीहरू बताउँछन् । महायज्ञ आयोजना गरिने स्थानमा पूर्वनिर्धारित कार्यक्रमअनुसार काम अघि बढाइने र सहभागीहरूको सहजताका लागि आवश्यक पूर्वाधारहरू निर्माण गरिने फाउण्डेशनका प्रतिनिधिहरूले जनाएका छन् ।

वार्षिकोत्सव सम्पन्न

भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं १ स्थित त्रिपुरासुन्दरी भद्राक्षी देवी तथा मातेश्वर महादेवको वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी सम्पन्न गरिएको छ । सत्ययुगमा सतीदेवी माताको देव्रे घूँडा पतन भएको र सोही स्थानमा त्रिपुरासुन्दरी भद्राक्षी देवी तथा मातेश्वर महादेवको उत्पत्ति भएको स्वस्थानी व्रतकथामा उल्लेख छ ।

२०८१ माघ ३० गते पर्न गएको माघ शुक्ल पूर्णिमाको दिन यस वर्ण ५५ जना महिलाहरू सहभागी रहेर श्रीसत्यनारायण तथा लक्ष्मीको व्रत वसी पूजा सम्पन्न गरिएको कुरा संरक्षण समितिका अध्यक्ष विदुर आलेले जानकारी गराउनुभयो । पूजा सम्पन्न भएपछि शिव पार्वती तथा लक्ष्मीनारायणलाई अर्पण गरिएको फापरको रोटी, सेल, पुरी प्रसादीको रूपमा भक्तजनलाई वितरण गरिएको थियो ।

यस वर्ष सत्यनारायणको पूजा सम्पन्न गर्न पण्डितको रूपमा दामोदर न्यौपाने रहनुभएको थियो भने सहयोगी शशिराम न्यौपाने, माधवप्रसाद न्यौपाने तथा पूजारी अधिकारी बाजे हुनुहुन्थ्यो । यसै समितिले गत

भाद्र १५ गतेदेखि नित्य वेलुकी आरतिको कार्यक्रमलाई निरन्तरता दिइरहेको छ । साथै मन्दिर संरक्षण समितिका सचिव प्रकाश आलेका अनुसार पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म गोकर्णप्रसाद न्यौपानेद्वारा स्वस्थानी वाचन गरिएको थियो । उहाँका अनुसार कार्यक्रम सञ्चालन गर्न अध्यक्ष विदुर आले, सचिव प्रकाश आले सहित वसन्त आले तथा ध्रुव थापाको सक्रियता पनि सह्रानीय थियो ।

देवीस्थानको संरक्षण सम्वर्द्धन गर्न र धार्मिक आत्था जगाउन विभिन्न भौतिक पूर्वाधार निर्माण भइरहेको, मन्दिर प्राङ्गणमा नियमित योग सञ्चालन गरेको, चतुर्मासा पुराण वर्षैपिच्छे लगाउने गरेको र विभिन्न समयमा महापुराण लगाएर आर्थिक संकलन समेत गरिएको अध्यक्ष आलेले जानकारी दिनुभयो ।

स्वस्थानी व्रतकथामा उल्लेख भए अनुसार जव दक्षको यज्ञ विध्वंस भयो, श्रीमहादेवले सतीदेवीको शरीरलाई बोकी पृथ्वी भ्रमण गर्नुभयो । पछि सतीदेवीको शरीर पतन हुन सुरु भयो । त्यसै क्रममा यस क्षेत्रमा आएर देब्रे घुँडा पतन भएकोले यहीँ पीठको उत्पत्ति भयो र यस ठाउँमा बाह्र राशी आएर तपस्या गरेको र भद्राक्षी देवी तथा मातेश्वर महादेव उत्पत्ती भएको स्वस्थानीमा उल्लेख छ । त्यसैबेलादेखि देवीको पूजाआजा र उपासना हुँदैआएको छ । विगत पाँच वर्षदेखि जनै पूर्णिमा, श्रावण महिनाभर, तीज, आश्विन शुक्ल पक्षको नवरात्रभरि र माघे सङ्क्रान्तीमा जनमानसको उल्लेख्य भिड लाग्ने गर्दछ ।

यहाँ प्रत्येक वर्ष घटस्थापनादेखि नवमीसम्म नौ जना ब्राह्मणहरूद्वारा कवच, किलक सहित सप्तसती चण्डी पाठ गरिन्छ । त्यसैगरी प्रत्येक माघे सङ्क्रान्तीमा यसको वार्षिकोत्सव गरिन्छ । सो अवसरमा सत्यनारायणको पूजा, लक्षदीप, यज्ञ हवन, भजनकीर्तनका साथै रात्रीमा महादीप बाली जाग्राम बसी भोलिपल्ट स्नान दान गरिन्छ । साथै महादीपलाई काठमाडौं र भक्तपुरको वीचमा रहेको सालीनदीबाट बगेर आउने मनोहरा खोलामा लगी विसर्जन गर्ने प्रचनल छ ।

ब्रह्माको मन्दिर शिलान्यास

पशुपति क्षेत्र अन्तर्गत जयवागेश्वरी (पेट्रोलपम्म पछाडि) ब्रह्माको मन्दिर शिलान्यास गरिएको छ । दुई वर्ष अगाडि शिलान्यास गरी काम अगाडि बढाउने क्रममा



जग (फाउन्डेसन)मा फरक संरचना देखिएपछि पुरातत्त्व विभागबाट काम रोकिएको थियो । अहिलेको निर्माण कार्य भने पुरातत्त्व विभाग, स्थानीय सरकार काठमाडौं महानगरपालिका सबैसँग समन्वय गरी पुरातत्त्व विभागको स्वीकृतिमा नक्शा पास भै अगाडि बढेको कामपा ८ का वडाध्यक्ष आशामान संगतको भनाइ छ । सो मन्दिर महानगरपालिकाको आर्थिक लगानीमा मेडिया कन्स्ट्रक्सन प्रालिले निर्माण गर्दैछ । करिव १ करोड १४ लाख ६८ हजार रूपैयाँ लागत रहेको मन्दिरको निर्माण आगामी साउन २६ गतेभित्र सम्पन्न गरिसक्नुपर्ने जनाइएको छ ।

चिम्टेश्वर मन्दिरमा सप्ताह हुने

नुवाकोट जिल्लाको ऐतिहासिक एवम् धार्मिक तीर्थस्थल चिम्टेश्वर महादेव मन्दिर परिसरमा महाशिवरात्रि २०८१ को पावन अवसरमा श्रीमद्भागवत धान्याचल विराट ज्ञान ज्ञान आयोजना गरिने भएको छ । यही फागुन ७ गतेबाट १४ गतेसम्म आयोजना गरिने सो विराट ज्ञान यज्ञको प्रमुख वाचकको रूपमा सुप्रसिद्ध वाचक पं. नारायण न्यौपाने रहनुभएको छ । आयोजक समितिका अध्यक्ष एवम् वेलकोटगढी नगरपालिका वडा नं. २ का अध्यक्ष रामचन्द्र तिमल्सिनाका अनुसार महायज्ञबाट संकलित रकम चिम्टेश्वर मन्दिर परिसरको समग्र भौतिक विकासको निम्ति उपयोग गरिने छ ।

प्रजातन्त्रको सम्मान गरौं !

- राज्य शक्तिको स्रोत जनता हुन्,
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो,
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौ,
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं,

प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरूः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट
पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क
डोनेशनमा पढ्न सकिने
जानकारी गराउँदछौं ।
देश तथा विदेशमा रहनु
भएका पाठक वर्गले सिधै
सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

Your Printing Solution
"गुणस्तरीय छपाई,
सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

ॐ
श्री गणेशाय नमः
"रामाय रामभद्राय रामचन्द्राय वेधसे ।
रघुनाथाय नाथाय सीताया पतये नमः।।"
"अनेक दान एक समान"
कथा व्यास
राष्ट्रिय विभूषित नारीरत्न विदुषी
आचार्य सुश्री अनुराधा देवीजी
सादर निमन्त्रणा
श्रीराम कथा
एवं नेपाल महात्म्य कथा
२०८१ चैत्र १७ प्रतिपदा देखि चैत्र २५ गते दशमी सम्म
पाशुपत क्षेत्र, काठमाडौं, नेपाल
युवा कथाव्यास
आचार्य राघव मौद्गल्य ज्यू
आयोजक
विश्व हिन्दु युवा संघ अन्तराष्ट्रिय समिति,
ओमकार महाअभियान, नेपाल झाँक्री संघ, स्वावलम्बी फाउण्डेसन नेपाल, विश्व हिन्दु युवा संघ अन्तराष्ट्रिय महिला समिति
देशव्यापी १०८ श्रीमद् भागवत
सत्संकल्प अभियानकर्ता
मुमुक्षु श्री उद्धव शर्माज्यू
(कथा पुराणमा पाल्नुहुँदा दब्य र दान भन्दा भाव समर्पण गर्न नविर्सौं)

।।एक युगमा एक पटक।।

ॐ
॥ श्रीपरमात्मने नमः ॥
॥ न भूतो न भविष्यति ॥

।।इतिहासमै पहिलो पटक।।

(न भूतकालमा यस्तो महायज्ञ भयो न त भविष्यमा हाम्रो जीवन कालमा हुन सक्ला या नसक्ला)

ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२

श्री मानव सेवा फाउण्डेसन, नेपाल काठमाण्डौ

सादर-निमन्त्रणा

सम्पूर्ण कार्यक्रम:- मिति २०८१ चैत्र १७ गतेदेखि २०८२ जेठ २६ गतेसम्म ।
कोटिहोम कार्यक्रम:- मिति २०८२ वैशाख १७ गतेदेखि २०८२ जेठ २६ गतेसम्म ।

उपरोक्त सम्बन्धमा नेपाल भ्रमण वर्ष २०२५ तथा नेपाली नयाँ बर्ष २०८२ को पावन अवसरमा श्री मानव सेवा फाउण्डेसन, नेपाल लगायत आदि संस्थाहरूले राष्ट्र शान्ति, विश्व कल्याण एवं आम नेपालीको सुख, शान्ति तथा समृद्धिको कामनाले हामी यो विशाल आयोजनमा जुटेका छौँ । साथै पोखरालाई मुक्तिद्वारको रूपमा चिनाउन एवं गण्डकी प्रदेशभित्र रहेका शास्त्रवर्णित सम्पूर्ण धार्मिक क्षेत्र, तीर्थ स्थल, मठमन्दिरहरूको महत्वलाई विश्वभर जीवन्त प्रचार प्रसार गरी धार्मिक पर्यटनलाई तेजोमय गतिमा प्रवर्धन गर्ने हामीले उज्यालो उद्देश्य बोकेका छौं । धार्मिक पर्यटनवृद्धिले राष्ट्रको सर्वतोमुखी विकासमा सशक्त सहयोग पुर्याउने हाम्रो सङ्कल्प अनुरूप पोखरा-१८, सिमपानी स्थित कैलाश धाम शिव मन्दिर तथा पोखरा-६, बैदाम स्थित मुक्तेश्वर शिव मन्दिर मुक्तीधामको सर्वाङ्गिण विकास सँगसँगै गण्डकी प्रदेशका विपन्न, अभिभावक विहीन बालबालिका तथा असहाय ज्येष्ठ नागरिकहरूको पालन, संरक्षण आदि आवश्यक सहयोगार्थ आयोजित **ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ -२०८२** लाई सभ्यभव्य रूपमा सम्पन्न गर्नका निमित्त यस कोटिहोम विराट् ज्ञान महायज्ञ जस्तो पवित्र आयोजनमा स्नेहपूर्ण सान्निध्य प्रदान गरिदिनुहुन हजुरलाई **सादर निमन्त्रणा** गर्दछौं ।

ऐतिहासिक कोटिहोम महायज्ञका केही विशेष कार्यक्रम विवरणहरू:

(१) श्रीराम कथावाचन :- २०८१ चैत्र १७ गतेदेखि २७ गतेसम्म ।
(२) श्री हनुमत् कथावाचनः- २०८१ चैत्र २८ गतेदेखि २०८२ वैशाख १ गतेसम्म ।
(३) बृहत् मोटरसाइकल प्रभातफेरी (र्याली):- मिति २०८२ वैशाख २ गते बिहान ७:०० बजेबाट ।
(४) बृहत् ट्याक्सी प्रभातफेरी (र्याली):- मिति २०८२ वैशाख ३ गते बिहान ७:०० बजेबाट ।
(५) बृहत् साइकल प्रभातफेरी (र्याली):- मिति २०८२ वैशाख ४ गते बिहान ७:०० बजेबाट ।
(६) विशाल मङ्गलमय कलश यात्रा:- मिति २०८२ वैशाख ५ गते बिहान ७:०० बजेबाट ।
(७) बृहत् डुङ्गा प्रभातफेरी (र्याली):- मिति २०८२ वैशाख ६ गते बिहान ७:०० बजेबाट ।
(८) जगद्गुरु, साधु, सन्त, महन्त, प्रसिद्ध कथा वाचक, वाचिकाआदिबाट विशेष शास्त्रीय प्रवचन नियमित हुने ।
(९) मिति २०८२ वैशाख १७ गतेदेखि जेठ २६ गतेसम्म सयौं गुरुहरूद्वारा नियमित हवन तथा अनेकौं पुण्यमय कर्महरू गरिने ।
(१०)राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त कलाकारहरूबाट विभिन्न गीत, सङ्गीत, भजन, झाँकी, देवलीला, नृत्यआदि प्रस्तुति हुने ।
(११) देश विदेशबाट कार्यक्रम अवधिभर विभिन्न सामाजिक अभियन्ता तथा राजनेताहरूको आगमन हुने ।
(१२) सम्पूर्ण धार्मिक / आध्यात्मिक परिवेश हुनेछ ।
(१३) बिबाह साइतः- मिति २०८२ वैशाख १, ३,५,७,८,१६,१७,२२,२३ र २८ गते हजारौंको बिबाह गरिने ।
(१४) व्रतबन्ध साइतः- मिति २०८२ वैशाख ५,१९,र २४ गते हजारौंको सामूहिक नभई एकल व्रतबन्ध गरिने ।
(१५) चौराशी पूजा साइतः- मिति २०८२ वैशाख २९ गते सोमबार हजारौंको सामूहिक नभई एकल चौराशी पूजा गरिने ।

ऐतिहासिक कोटिहोम महायज्ञका महत्त्वपूर्ण दिनाङ्कहरू:

१. २०८२ वैशाख ३ गते, बुधबार:-
  (क) भूमि पूजनः- सोही दिन बिहान ११:०१ बजे ।
  (ख) यज्ञ कुण्ड खन्नेः- सोही दिन बिहान ११:११ बजे ।
२. कोटिहोम महायज्ञको पूर्वाङ्ग:- २०८२ वैशाख १७ गते, बुधबार, बिहान ७:२७ बजे ।
३. कोटिहोम महायज्ञमा हवनात्मक कार्य प्रारम्भ:- २०८२ वैशाख १९ गते, शुक्रबार ।
  (क) अग्नि मन्थनः- सोही दिन बिहान ६:४४ बजे ।
  (ख) यज्ञ कुण्डमा अग्नि प्रवेश गराउनेः- सोही दिन बिहान ७:१५ बजे ।
  (ग) अग्निमा समिधा दानः- सोही दिन बिहान ७:१९ बजे ।
  (घ) अग्नि कुण्डमा आहुति प्रदानः- सोही दिन बिहान ८:०५ बजे ।
४. कोटिहोम महायज्ञको विधिवत पूर्णाहुति गरी अभिषेक र प्रसाद ग्रहण गर्नेः- २०८२ जेठ २६ गते, सोमबार।

बालयोगेश्वर
श्री विजय कृष्णमूर्ति जी महाराज
महायज्ञ संकल्पकर्ता

महायज्ञ स्थल:- वाराहीघाट भूमि तथा हल्लनचोक क्याम्प क्षेत्र, लेकसाइड, पोखरा, कास्की

आयोजक:
श्री मानव सेवा फाउण्डेसन, नेपाल (पोखरा, कास्की)
एवं
सनातन धर्मानुयायी हजुरहरू र हामी सबै

केन्द्रीय कार्यालय:-
कलंकी-१४, काठमाण्डौ नेपाल ।
०१-५२१९१२५
९८५१३५७०१५/९८०२३७००८१

शाखा कार्यालय:-
सृजनाचोक, पोखरा-०८, कास्की, नेपाल ।
०६१-५८४७०१/०६१-५८४७०२
९८५६०८२२९०/९८५६०८२२९१
९८६३२५२१२१/९७०५२५२१२५